नवौं गाउँसभाबाट पारित

वार्षिक विकास योजना

आर्थिक वर्ष २०७८/०७९

विजयनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खुरुहुरिया, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मेरो भनाई



नेपालको संविधान २०७२ पछि नेपाल राज्यको पूनर्संरचना सँगै संघात्मक राज्यव्यवस्थामा स्थानीय तहको सरकार सञ्चालनको जिम्मेवारी सम्हालेको चार वर्ष व्यतित भई पाँचौ तथा अन्तिम वर्षामा प्रवेश गरेको छ। यस वीचमा विजयनगर गाउँपालिका र यहाँका बासिन्दाको आवश्यकता र चाहानालाई क्रमशः पूरा गर्ने कार्यमै हाम्रो समय व्यतित भईरहेको छ। जनताका दैनिक रुपमा आईपर्ने प्रशासनिक समस्या तथा विकास निर्माणको चाहानालाई विजयनगर गाउँपालिकाले पारदशी तथा प्रभावकारी ढङ्गबाट सम्पादन गर्दै आइरहेको छ।

आ.व. २०७७/०७८ को वजेट कार्यान्वयनको सिलसिलामा गाउँपालिकाबाट योजनावद्ध रुपले तीव्र गतिमा काम सम्पन्न गर्न सफल भएका छौं । गत आ व मा कूल वजेटको ५० प्रतिशत भन्दा बढी बजेट खर्च गर्न सफल भएका छौं। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा समेत केही साधन स्रोत र जनशक्ति केन्द्रीत गर्नु परेकाले कामको रफ्तारमा अवरोध सृजना भई आशातीत रुपमा प्रगति हासिल हुन सकेन,यद्धपीगाउँपालिकाले भौतिक पूर्वाधार निर्माण सम्वन्धी धेरै कामहरु सम्पन्न गर्न सफल भएको छ।यस वीचमा विजयनगर गाउँपालिकाले यथासंभव टोल तथा बस्तीस्तरबाट योजनाहरु छनौट गरि बढी भन्दा बढी आवश्यकताका आधारमा प्राथमीकरण गरि आ.व. २०७८/०७९ को बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गरेको छ जसलाई गाउँसभाबाट स्वीकृत गरि कार्यान्वयनको चरणमा लैजाँदै छौं।

कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा लाग्नु पर्ने चुनौती एकातिर छ भने अकौतिर गाउँपालिकाका महत्वपूर्ण योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्नु पर्नेछ। यसका लागि गाउँपालिकामा देखिएको कर्मचारी अभावका बावजुत गाउँपालिकाका जनप्रतिनिधि तथा उपलव्ध कर्मचारीहरुको सम्पूर्ण शक्ति र विवेक प्रयोग गरिसहकार्य समन्वय तथा समझदारीपूर्ण ढङ्गबाट सामूहिक रुपमा काम अघि बढाएमा हाम्रो लक्ष्य पूरा हुने विश्वास व्यक्त गर्दछु। बार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयनको क्रममा सम्पूर्ण विजयनगरबासी लगायत सरोकारवालाहरुबाट रचनात्मक र सकारात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा,कोरोना भाइरसको महामारीका वीच आ.व. २०७८/०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणमा महत्वपूर्ण सहयोग गर्नुहुने गाउँपालिका उपाध्यक्ष ,सम्पूर्ण वडाध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीवर्ग विभिन्न महत्वपूर्ण राय सुझाव दिनुहुने विजयनगर गाउँपालिकाका राजनैतिक दल, वुद्धिजीवि, समाजसेवी, उद्योगी, व्यवसायी लगायत सरोकारवाला सम्पूर्णमा हार्दिक धन्यवाद र आभार प्रकट गर्दै बजेटको कार्यान्वयनमा पनि पूर्ण सहयोगको अपेक्षा गर्दछु।।

धन्यवाद।।।

गोपाल बहादुर थापा मगर
अध्यक्ष

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मेरो भनाई



नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम योजना तर्जुमा प्रक्रियाका सबै चरण पूरा गरी विजयनगर गाउँपालिकाको सातौं गाउँसभाबाट स्वीकृत आ व २०७८/०७९ को नीति कार्यक्रम तथा बार्षिक योजना र कार्यक्रमहरु समेटिएको बार्षिक योजना पूस्तिका छपाई प्रक्रियामा प्रबेश गर्दै गर्दा आगामी आ.व का योजना तथा कार्यक्रमहरुको नतीजामूखि र सफल कार्यान्वयनको लागि आफ्नो पूर्ण प्रतिद्धता सहित शुभकामना व्यक्त गर्न चाहान्छु।

विशेष गरि योजनाको प्रभावकारी अनुगमन र गाउँपालिकाको न्यायिक निरुपणको जिम्मा नेपालको संविधान र अन्तर्गत कानुनहरुले स्थानीय तहको उपप्रमुख तथा उपाध्यक्षहरुलाई सुम्पिएको सन्दर्भमा विजयनगर गाउँपालिकाको शान्ति सु-व्यवस्था कायम गर्न,गाउँपालिकाबासी आम जनतालाई सार्वजनिक उपलव्धीको समतामूलक र न्यायपूर्ण उपयोगको वातावरण सृजना गर्न र गाउँपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापमा जवाफदेहीता र पारदर्शीता कायम गर्न मेरो भूमिका सधै सक्रिय रुपमा रहने विश्वास दिलाउन चाहान्छु।

आ व २०७८/०७९ को बार्षिक वजेटमा यथासम्भव प्राथमिकता र आबश्यकता लाई मध्यनजर गरि समेट्ने प्रयास गरेका छौ। अवको हाम्रो ध्यान गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र जिम्मेवारीपूर्ण ढङ्गले अनुगमन र मूल्याङ्कनमा रहनुपर्दछ।

अन्त्यमा, आ व २०७८/०७९ को बार्षिक वजेट निर्माणका क्रममा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको सफल कार्यान्वयनमा यहाँहरु सम्पूर्णको अमूल्य साथ,सहयोग र सुझावको अपेक्षा गर्दछु।

लक्ष्मी कुमारी चौधरी
उपाध्यक्ष

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल



कार्यान्वयन प्रतिवद्धता

नेपालको संविधान २०७२ लागू भएपछि राज्यको पूनर्संरचना सँगै संघीय लोकलान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत हाल नेपालमा संघ,प्रदेश र स्थानीय गरि तीन तहको शासन व्यवस्था विद्यमान छ। संविधानले दिएको अधिकार क्षेत्रभित्र अन्तर्गत कानुनहरुको अधिनमा रही स्थानीय तहले सरकारको भूमिका निर्वाह गर्दै आईरहेको परिवेशमा म आफू पनि यसको हिस्सेदार हुन पाउँदा अत्यन्त गर्व लागेको छ। संघीय संरचना लागू भएदेखि नै स्थानीय तहमा आवद्ध भइ सेवा गर्ने सिलसिलामा यस विजयनगर गाउँपालिकामा आ.व. २०७६/०७७ को बार्षिक योजना नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा आ.व. २०७७/०७८ र चालु आ व २०७८।०७९ को बार्षिक योजना,नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने कार्यमा समेत प्रत्यक्ष सहभागि हुन पाउँदा खुसी लागेको छ।

विजयनगर गाउँसभाले वार्षिक वजेट स्वीकृत गरि कार्यान्वयनका लागि कार्यपालिकामा जिम्मेवारी सुम्पिरहँदा काँधमा महत्वपूर्ण जिम्मेवारी आएको महशुष गरेको छु। निर्णय कार्यान्वयन गर्ने प्रशासनिक क्षेत्रको नेतृत्व गर्ने क्रममा यसको प्रभावकारी कार्यान्वयनका प्रचलित कानुनको अधिनमा रही नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतालाई समेत ध्यानमा राखि ईमान्दारिताका साथ लाग्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । साथै सिङ्गो जनप्रतिनिधिको टीम, सम्पूर्ण जिम्मेवार कर्मचारीवर्ग र विजयनगरबासी आम सरोकारवाला सवैको सकारात्मक र रचनात्मक राय सुझाव र सहकार्यको लागि अपिल गर्न चाहान्छु।

कोभिड-१९ को महामारीका वीच पूर्ण मेहनतका साथ बढि भन्दा बढि जनसहभागितामूलक ढङ्गबाट आ.व. २०७८/०७९ को बार्षिक वजेट तयार भएको छ।वजेट निर्माणको क्रममा प्रत्यक्ष-परोक्ष रुपबाट सहयोग गर्ने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक नमन व्यक्त गर्दै यसको प्रभावकारी कार्यान्वयनमा समेत सवैको उल्लेखनीय सहयोग रहने अपेक्षा सहित वजेटको पूर्ण सफलताको शुभकामना दिन चाहान्छु।

धन्यवाद।।।

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

१ विजयनगर गाउँपालिकाको संक्षिप्त परिचय

विजयनगर गाउँपालिका लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित छ।स्थानीय तहको पुनर्संरचनामा साविक गुगौली पत्थरदेईया खुरुहुरिया र गणेशपुर गा वि स हरु मिलेर यो विजयनगर गाउँपालिका बनेको हो। यो गाउँपालिका १७३/१५ बर्ग कि मी क्षेत्रफलमा फैलिएको छ। प्रति वर्ग कि.मी २१३/२७ जना जनघनत्व रहेको यस गाउँपालिकामा कूल ७ वटा वडाहरु रहेका छन । यस गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका पश्चिममा दाङ्ग जिल्ला तथा छिमेकी मुलुक भारत उत्तरमा दाङ्ग जिल्ला तथा दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन। वि.सं. २०६८ को जनगणना अनुसार यस गाउँपालिकामा कूल ३६५३७ जनसंख्या रहेको छ।

वडागत रुपमा यस गाउपालिकाको जनसंख्या निम्नानुसार रहेको छ।

वडा नं	*वडाहरु*	*साविक वडाहरु*	*जनसंख्या*	*कैफियत*
१	*गुगौली*	१-३	५३०४	
२	*गुगौली*	४-९	५६०१	
३	*पत्थरदेइया*	१-५	६०२२	
४	*पत्थरदेइया*	६-९	४९२७	
५	*खुरुहुरिया*	१,२,३,५र९	४८८७	
६	*खुरुहुरिया*	४,६,७र८	३८२८	
७	*गणेशपुर*	१-९	६३६८	*महिला१८१०६*
जम्मा	*सात*		३६९३७	*पुरुष १८८३१*

स्रोतःराष्ट्रिय जनगणना २०६८

विजयनगर गाउँपालिकाको जात जातिगत विवरणः

सि नं	*जात जाति*	*सि नं*	*जात जाति*
१	*मुसलवान*	२६	*अन्य*
२	*थारु*	२७	*लोहार*
३	*यादव*	२८	*बरई*
४	*कुर्मी*	२९	*कथबनिँया*
५	*मगर*	३०	*कोईरी कुशवाह*
६	*कोरी*	३१	*बंगाली*
७	*क्षेत्री*	३२	*सन्यासी दशनामी*
८	*धोवी*	३३	*ठकुरी*
९	*दुसाद पासवान पासी*	३४	*माली*
१०	*ब्रहामण पहाडी*	३५	*गुरुङ्ग*
११	*कामी*	३६	*नेवार*

१२	दलित अन्य	३७	सार्की
१३	तेली	३८	गाईने
१४	केवट	३९	लिम्वु
१५	कहार	४०	धनकार खरिकार
१६	हलुवाई	४१	तामाङ्ग
१७	गडेंरी भेडार	४२	माझी
१८	तराई अन्य	४३	ल्होमी
१९	दमाई ढोली	४४	घर्ती भुजेल
२०	हजाम ठकुरी	४५	बोटे
२१	ब्रह्ममण तराई	४६	काश्यप
२२	कलवार	४७	मारवाडी
२३	चमार हरिजन राम	४८	सुनुवार
२४	बढई		
२५	कुमाल		

स्रोतःराष्ट्रिय जनगणना २०६८

विजयनगर गाउँपालिकाको प्रमुख स्थानीय चाडपर्व तथा मेलाहरुः

क्र सं	चाड पर्व	क्र सं	मेलाहरु
१	नागपञ्चमी	१	मोहरम
२	तीज	२	मुहर्रम
३	दशैं तिहार	३	नहान
४	रक्षाबन्धन	४	पञ्चमी
५	माघे सक्रान्ती माघी	५	कमर नहान
६	इद बकर इद	६	राम विवाह पञ्चमी
७	होली विवाह पञ्चमी		

विजयनगर गाउँपालिकाका प्रमुख प्रर्यटकीय क्षेत्रहरुः

क्रम संख्या	प्रर्यटकीय क्षेत्रहरुको नाम
१	दुधाधारी बाबाको मन्दीर
२	बढकी माई
३	पुरैना बाबा
४	पुरैना बाबा मन्दीर
५	पिपरी समय माई मन्दिर
६	शंकरपुर ताल
७	समयमाई देवस्थान
८	जवबैराठ होमस्टे

विजयनगर गाउँपालिका अन्तर्गत सामुदायिक वनहरुको विवरणः

क्र सं	सामुदायिक वनहरुको नाम	ठेगाना	कैफियत
१	जोड महुवा सामुदायिक वन	विजयनगर गा पा १ गोवरहवा	
२	सारदा सामुदायिक वन	विजयनगर गा पा १ गुगौली	
३	सुन्दरी सामुदायिक वन	विजयनगर गा पा २ जलैंहिया	
४	ईन्द्रेणी सामुदायिक वन	विजयनगर गा पा २ लोहरौला	
५	मिझुनीया सामुदायिक वन	विजयनगर गा पा ४ मिझुनिया	
६	दुर्गादेवी सामुदायिक वन	विजयनगर गा पा ४ शंकरपुर	
७	सृजनशील सामुदायिक वन	विजयनगर गा पा ४ देउपुरा	

विजयनगर गाउँपालिकाको विषयगत समितिहरुः-

क. न्यायिक समिति

लक्ष्मी कुमारी चौधरी - संयोजक
सिमा वि.क. - सदस्य
दिनेश कुमार चौधरी - सदस्य

ख. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

मुर्तजा वढई - संयोजक
कलावती कोरी - सदस्य
राम कुमार यादव - सदस्य

ग. आर्थिक विकास समिति

नितु दर्जी - संयोजक
समसाद आलम मिया - सदस्य
राम किशोर तेली - सदस्य

घ. सामाजिक विकास समिति

धनविर सुनार - संयोजक
राम नरेश पासी - सदस्य
सहिबुन निसा पठान - सदस्य

ङ. पुर्वाधार विकास समिति

दमयन्ती सरा राना - संयोजक
बिष्णु कुमार यादव - सदस्य
रुन्नती देवी पाण्डेय - सदस्य

च. वातावरण तथा विपद व्यवस्थापन समिति

शकुन्तला भण्डारी - संयोजक
सहरु भर - सदस्य
बलीमाया वि.क. - सदस्य

छ. विधेयक समिति

सिमा वि.क. - संयोजक
बेदराज कुम्हाल - सदस्य
प्रेम वहादुर थापा - सदस्य

कृषक समूहहरुको विवरण

विजयनगर गाँउपालिका खुरुहुरिया, कपिलबस्तु

क्र. स.	समूहको नाम	ठेगाना	संदस्य संख्या			दर्ता न.	दर्ता मिति	अध्यक्षको नाम	सम्पर्क नं.
			महिला	पुरुष	जम्मा				
१	श्री पशुपति नाथ कृषक समूह	वि.न.५ बनगाई	६	१०	१६	१	२०७४।०९।१६	बिस्नु प्रसाद पासी	९८४७२६१६७८
२	श्री कोटही माई कृषक समूह	वि.न.६ थान खजहनी	४	१५	१९	२	२०७४।०९।१६	रामरतन कलवार	९८५७०५५१०८
३	श्री परिर्वतन वहुउदेशीय कृषक समूह	वि.न.४ शंकरपुर	८	१०	१८	३	२०७४।०९।२३	खिमबहादुर खत्री	९८०६९९९२४९
४	श्री नौलो तरकारी उत्पादन कृषक समूह	वि.न.५ डालपुर	८	११	१९	४	२०७४।१०।३	चन्द्रभान कोरी	९८१५४८०७०५
५	श्री रामसोतिया कृषि कृषक समूह	वि.न.१ असनहरा	४	११	१५	५	२०७४।१०।१०	राजदेव कोइटी	९८०४४२९२४०
६	श्री शिवशक्ति कृषक समूह	वि.न.६ थान खजहनी	१७	०	१७	६	२०७४।१२।२६	आरती देवी पाल	९८०६९९१३९०
७	श्री गणेश कृषक समूह	वि.न.५ जुडपनिया	१८	३	२१	७	२०७५।०१।२१	शान्ति आरख	
८	श्री शारदा कृषक समूह	वि.न.५ डालपुर	१६	७	२३	८	२०७५।०१।३०	राधा यादव	९८१४४३९५५५
९	श्री आनन्द तरकारी कृषक समूह	वि.न.६ बद्दौर	१२	८	२०	९	२०७५।०१।३०	सवित्रा खनाल	९८४४७०२६०८
१०	श्री जागृति कृषक समूह	वि.न.१ तिलकहवा	१२	६	१८	१०	२०७५।०२।०९	सिता चौधरी	९८१२८०४९४०
११	श्री ज्योति कृषक समूह	वि.न.२ महुवावारी	१५	७	२२	११	२०७५।०२।०९	लक्ष्मी वि.क.	९८४४७१७०११
१२	श्री अजमेरी कृषक समूह	वि.न.२ बगाहिया	२१	०	२१	१२	२०७५।०२।१०	सरिता भर	९८०४४८६२०८
१३	श्री दुर्गेश्वरी जलवायु परिर्वतन कृषक समूह	वि.न.२ मधवानगर	२६	५	३१	१३	२०७५।०२।१३	क्मला गिरी खडका	
१४	श्री पार्वती कृषक समूह	वि.न.५ बनगाई	१८	०	१८	१४	२०७५।०२।१३	रामरती पासी	९८१४४२१४८२
१५	श्री सयपत्री कृषक समूह	वि.न. ६ खजहनी	९	१२	२१	१५	२०७५।०२।१३	भगवत प्र.यादव	९८०४४१९३३९
१६	श्री सिमाना कृषक समूह	वि.न.१ भागीरामपुर	१६	२	१८	१६	२०७५।०२।१३	राधिका शर्मा के.सी.	९८११५४२४०८
१७	श्री स्वाधीन बहुउद्देशिय कृषक समूह	वि.न.६ उज्वलपुर	११	१२	२३	१७	२०७५।०३।३	लाल गोपाल पंगेनी	९८४७२१२७८८
१८	श्री प्रगति कृषक समूह	वि.न.५ डालपुर	२२	१	२३	१८	२०७५।०३।४	जशोमत यादव	९८१०९७८०९७
१९	श्री जय गुरुदेव कृषक समूह	वि.न.१ गुगौली	८	१२	२०	१९	२०७५।०३।४	कनिकराम चाई	९८४७२१७२८५
२०	श्री प्रगति शील जलवायु प.अनुकुलन कृ. स.	वि.न.१ बनखेत	२६	१	२७	२०	२०७५।०३।१३	तेजकमारी सुनारी	९८६७८९७९१२
२१	श्री शिव कृषक समूह	वि.न.४ मिझुनिया	५	१९	२४	२१	२०७५।०३।२०	कृष्णदेव प्रसाद चाई	९८०७५१७०७५
२२	श्री सुर्यमुखी कृषक समूह	वि.न.५ वघमरी	१०	१०	२०	२२	२०७५।०४।१०	गोर्वधन यादव	९८४७०४२६३७
२३	श्री गौतम बुद्ध कृषक समूह	वि.न.६ फरेनी	१२	८	२०	२३	२०७५।०४।१५	सिउ कुमार कर्मी	९८४७०५२१६७
२४	श्री चित्रांश कृषक समूह	वि.न.५ सिसवा	३	१७	२०	२४	२०७५।०४।२२	राकेश कुमार श्रीवास्तव	९८११४९२०१४
२५	श्री लक्ष्मण कृषक समूह	वि.न.३ कडिहार	१०	१०	२०	२५	२०७५।०४।२२	दीनानाथ कुर्मी चौधरी	९८०५४७८२९४

२६	श्री बुद्धा कृषक समूह	वि.न.३ जगदीशपुर	९	११	२०	२६	२०७५।०४।२४	सुरेश पासी	९८४७३७०९०८
२७	श्री लाली गुराँस कृषक समूह	वि.न.३ कडिहार	९	११	२०	२७	२०७५।०४।२५	सत्यनारायण वरई	९८१५४६५२२८
२८	श्री शिव शक्ति कृषक समूह	वि.न.३ महदेईया	५	१५	२०	२८	२०७५।०४।२७	शिवराज अहिर	९८१५४५२२४९
२९	श्री अत्मनिर्भर कृषक समूह	वि.न.३ महदेईया	१०	१०	२०	२९	२०७५।०४।२८	मो.इजहार	९८१७५३२०३८
३०	श्री दुधाधारी कृषक समूह	वि.न.१ गुगौली	५	१५	२०	३०	२०७५।०४।३०	ज्ञान प्रकाश मुराउ	९८४३७३३६०८
३१	श्री त्रिनेत्र कृषक समूह	वि.न.७ मधुनगर	६	१४	२०	३१	२०७५।०५।१४	रामभारत कुर्मी चौधरी	९८१६४६५७४८
३२	श्री प्रभुनाथ कृषक समूह	वि.न.६ खुरुहुरिया	५	१३	१८	३२	२०७५।०५।११	ब्रम्ह अहिर	९८०४४२६०९४
३३	श्री शिव शकंर कृषक समूह	वि.न.१ गुगौली	७	१३	२०	३३	२०७५।०५।११	प्रभु यादव	९८०४४६३३०९
३४	श्री हरियाली कृषक समूह	वि.न.६ खरुहुरिया	५	१६	२१	३४	२०७५।०५।१२	पारस प्रसाद अहिर	९८१६४३३७४८
३५	श्री फरेना कृषक समूह	वि.न.६ फरेना	१०	११	२१	३५	२०७५।०५।१३	मुजमिल हुसेन	९८०५४६७५९६
३६	श्री माँ कोटेश्वरी कृषक समूह	वि.न.३ मयनारी	९	११	२०	३६	२०७५।०५।२७	लालजी प्रसाद चौधरी	९८०७४१९३१५
३७	श्री लक्ष्मी कृषक समूह	वि.न.६ छुटपाटी	४	१७	२१	३७	२०७५।०६।१०	भगवती पोखेल	९८२४४०३८३७
३८	श्री दुर्गामाता कृषक समूह	वि.न.७ मानपुर	७	१२	१९	३८	२०७५।०६।११	रामदास अहिर	९८४००४३४३१
३९	श्री गौरी शंकर कृषक समूह	वि.न.२ लोहरौला	१२	८	२०	२१	२०७५।०६।१२	ईन्दरा कुमारी चौधरी	९८१७४६२०५५
४०	श्री सागरमाथा कृषक समूह	वि.न.२ मगरघटा	१०	१०	२०	४०	२०७५।०६।१६	दुर्गा प्रसाद मिश्र	९८१२९८२३१६
४१	श्री गौतम बुद्ध कृषक समूह	बि.न.५ कटुवा	६	१५	२१	४१	२०७५।०६।१८	प्रभु अहिर	९८११९०१५२७
४२	श्री प्रगति कृषक समूह	बि.न.६ छुटपाटी भाटा	११	७	१८	४२	२०७५।०६।२४	ह्स्तरी वि.क.	९८११९७०७९६
४३	श्री नाथ बाबा महिला कृषक समूह	बि.न.७ बडसुडवा	२५	०	२५	४३	२०७५।०७।०७	लक्ष्मी तेली	९८०७५७५९१४
४४	श्री हरियाली कृषक समूह	बि.न.२ कुकुरभुक्वा	१३	७	२०	४४	२०७५।०७।१३	गिता मुखिया	९८२५४९६६२४
४५	श्री गरीब नवाज कृषक समूह	वि.न.४ डगडौवा	२	१६	१८	४५	२०७५।०७।१३	बरकत अली	९८०५४५२७५३
४६	श्री उन्नती कृषक समूह	बि.न.३ दीपेन्द्रनगर	१५	६	२१	४६	२०७५।०८।०४	देवीराम भट्टराई	९८००७८०५६२
४७	श्री कृष्ण सुदामा कृषक समूह	बि.न. ३ पथ्थरदेइया	१८	३	२१	४७	२०७५।०८।१०	कृष्ण प्रसाद आचार्य	९८५७०५०९७६
४८	श्री कमलफूल कृषक समूह	वि.न.४ देवपुरा	६	१४	२०	४८	२०७५।०८।१४	लक्ष्मण प्रसाद यादव	९८१६४०११९१
४९	श्री कालीमाता कृषक समूह	बि.न. ४ छिटाईडिहवा	९	११	२०	४९	२०७५।८।२४	रमेश यादव	९८१६४३४३९३
५०	श्री उन्नति ज.प.अ.कृषक समूह	बि.न.२ लोहरौला	२६	३	२९	५०	२०७५।८।२५	किस्मती चौ.थारु	९८१४४५४९७८
५१	श्री जनक कृषक समूह	बि.न.७ प्रसोहिया	३	१२	१५	५१	२०७५।९।१०	दिनानाथ चौधरी	९८११९६२९५७
५२	श्री किसान कृषक समूह	बि.न.३ कडिहार	१०	२१	३१	५२	२०७५।९।१२	मेहदी हसन	९८१५४५६२२५
५३	श्री दुर्गा कृषक समूह	बि.न. ६ छुटपाटी उज्लपुर	१४	६	२०	५३	२०७५।१०।२०	पार्वती शर्मा	९८४७७९०७२
५४	श्री बगहा कृषक समूह	वि.न.६ वगहा	१६	८	२४	५४	२०७५।१२।११	रामऔतार अहिर	९८०६९२०२०६
५५	श्री गगां माला कृषक समूह	बि.न.४ त्रिपालनगर	२०	५	२५	५५	२०७५।१२।२२	राधिका थापा	९८२१५२३२०२
५६	श्री संगम स्मार्ट कृषि गाँउ कार्यक्रम समिति	बि.न.५ कटुवा	१	६	७	५६	२०७५।१२।२६	राजेश कुमार उपाध्याय	९८४७१३३११९

५७	श्री ग्रीन लैण्ड कृषक समूह	वि.न.५ सिसवा	८	१२	२०	५७	२०७६।११।८	छेदी प्रसाद कोरी	९८१४१९३१७०
५८	श्री ज्योति कृषक समूह	वि.न.४ ज्योतिनगर	१४	५	१९	५८	२०७६।५।२९	किसन बहादुर थापा	९८१९४८४१२१
५९	श्री शुभकामना बहुउद्देशिय कृषक समूह	वि.न.३ कढिहार	११	११	२२	५९	२०७६।६।१	सुरेन्द्र कुमार चौधरी	९८०५४७१०७८
६०	श्री उज्यालो कृषक समूह	बि.न.३ दिपेन्द्रनगर	११	९	२०	६०	२०७६।६।६	पदमा क्षेत्री थापा	९८२६४६२५४८
६१	श्री प्रगतिशिल कृषक समूह	बि.न.४ शंकरपुर	१८	२	२०	६१	२०७६।६।६	हुमा कुमारी खत्री क्षेत्री	९८२५४१४७९१
६२	श्री सिसवा कृषक समूह	बि.न.५ सिसवा	२०	०	२०	६२	२०७६।६।१५	सरस्वती कुर्मी	९८१७५३५७८०
६३	श्री सुनौलो कृषक समूह	बि.न.१ मधनगर	१६	४	२०	६३	२०७६।६।१५	योमाया सारु	९८६९७८९७६५
६४	श्री नव दुर्गा कृषक समूह	बि.न.२लालपुर	१८	२	२०	६४	२०७६।६।२७	भूमकला चापागाई	९८१५४४२६९२
६५	श्री लक्ष्मी कृषक समूह	वि.न.७ माधुवानगर	४	१७	२१	६५	२०७६।८।२२	प्रभु धोबी	९८२६४८०९६८
६६	श्री शंकर कृषक समूह	वि.न.७ गेडुवाजोत				६६	२०७६।८।२४	बलराम चौधरी	९८०४४६४५४९
६७	श्री शिवशक्ति कृषक समूह	वि.न.७ मानपुर	६	१५	२१	६७	२०७६।९।२८	रमेश यादव	९८०९८७३०४०
६८	श्री मेहनती कृषक समूह	वि.न.४ डगडौवा	८	१९	२७	६८	२०७६।११।१४	यशोदा शुक्ल	९८०७४७५१११२
६९	श्री दुर्गा कृषक समूह	वि.न. ६ छुटपाटी	२०	०	२०	६९	२०७६।११।१९	गंगारावती पाल	९८१६४१५४३१
७०	श्री दुर्गा मन्दिर कृषक समूह	वि.न.४ ईमलीखर्क	१६	४	२०	७०	२०७७।६।१२	टेकबहादुर खत्री	९८४५७६४४१३
७१	श्री नव युवा कृषक समूह	वि.न. ५ बघमरवा	७	१३	२०	७१	२०७७।६।१५	इन्द्रजीत चौधरी	९८०७५११८२९
७२	श्री बैण्णो माता कृषक समूह	बि.न.४ डगडई	५	१५	२०	७२	२०७७।६।२०	सन्त प्रसाद यादव	९८०४९५२०७
७३	श्री बुद्धनगर कृषक समूह	वि.न. ४ भुपु बस्ती	२०	०	२०	७३	२०७७।६।२१	केसमाला बुढामगर	९८१२८५३३७८
७४	श्री भगवती कृषक समूह	बि.न.१चाफा	१७	३	२०	७४	२०७७।६।२१	गिता कोरी	९८०७५४८५४७
७५	श्री सतगुरु कृषक समूह	बि.न.७ गणेशपुर	६	१४	२०	७५	२०७७।६।२८	राजमन प्रसाद मुराउ	९८११४६७१०७
७६	श्री शिव कृषक समूह	बि.न.३ महदेईया	२०	०	२०	७६	२०७७।७।३	कुशमा केवट	
७७	श्री माया कृषक समूह	बि.न.७ वडसुडवा	२०	०	२०	७७	२०७७।७।४	राजमति आरख	
७८	श्री तिनघेरवा कृषक समूह	बि.न २तिनघेरवा	२१	०	२१	७८	२०७७।७।५	मायापति भर	
७९	श्री खरुहुरिया कृषक समूह	बि.न.६ खुरुहुरिया	२१	०	२१	७९	२०७७।७।१३	मायावती लोनिया	९८१७४६१८८५
८०	श्री मगरघट्टा स्यम हेरचाह कृषक समूह	बि.न. २ मगरघट्टा	४	५	९	८०	२०७७।७।२७	चन्द्रादेवी बिश्वकर्मा	९८१५४४२८१४
८१	श्री जवावैराठ **स्यम हेरचाह** कृषक समूह	बि.न.१ जवावैराठ	७	१०	१७	८१	२०७७।९।८	कृण्ण बहादुर चौधरी	९७४८५१५८९२
८२	श्री परिर्वतन कृषक समूह	बि.न.१ नेवलगंज	८	१५	२३	८२	२०७७।८।१०	राजाराम थारु	९८१५४३१८२८
८३	श्री पल्टादेवी कृषक समूह	बि.न. ६ विछिहवा	११	१४	२५	८३	२०७७।९।९	इन्दल केवट	
८४	श्री सत्यदेवी दुर्गा मन्दिर कृषक समूह	वि.न.२ कुकुरभुकवा	१२	८	२०	८४	२०७७।१०।१३	छविलाल महरा	९८४१६३८१५३
८५	श्री प्रगती कृषक समूह	बि.न.२ महुवाबारी	१२	१२	२४	८५	२०७८।१।२	दिल बहादुर राका	९८१२९०७५४४

विजयनगर गाँउपालिका
पशु सेवाशाखा
खुरुहुरिया ,कपिलवस्तु

विजयनगर गाउँपालिकामा दर्ता भएका भैसीपालन समुहको विवरण

क .स	समुहको नाम	ठेगाना	अध्यक्षयको नाम	महिला	पुरुष	जम्मा	फोन नं.
१	गुगौलीनमुनापशुपालन समूह	विजयनगर १ गुगौली	रामजनमयादव	०	१०	१०	९८४७४२४६७५
२	गोरहवापशुपालन समूह	विजयनगर१ गोवरहवा.	फेरु थारु	३	७	१०	
३	वहुद्वेश्यनमुनापशुपालन समूह	विजयनगर .२ मगरघटटा	गंगाधर वस्याल	९	४	१३	९८६७३२५३९१
४	जलैया प्रगतिशिलपशुपालन समुह	विजयनगर २ जलैया	पागु प्र.यादव	१	९	१०	९८४७५४८८२८
५	अम्लहवापशुपालन समूह	विजयनगर ३ अमलहवा	गोपालचन्द्र कोइराला	३	८	११	९८०७५३३२६०
६	महदैया पशुपालन समुह	विजयनगर .३ महदैया	राम समझ केवट	२	९	११	९८०८९८०८९४
७	महिलवार पशुपालन समुह	विजयनगर ४ महिलवार	वेदराजकुम्हाल	१	१०	११	९८०७५९४६४०
८	देउपुरा पशुपालन समुह	विजयनगर ४ देउपुरा	मो.सफि	०	११	११	९८१२९५७०७५
९	सिसवापशुपालन समुह	विजयनगर ५ सिसवा	तिलकरामपासी	३	७	१०	९८२१४७३५६३
१०	नौरगियापशुपालन समुह	विजयनगर ५ नौरगिया	शिवनाथयादव	०	१०	१०	९८१४४६८११४
११	बद्धौर पशुपालन समुह	विजयनगर .६ बदौर	विष्णु कु. यादव	०	१०	१०	९८०५४६०९६९
१२	खजनिपशुपालन समुह	विजयनगर .६ खजनि	राज कु.अहिर	४	६	१०	९८११९१८०५०
१३	मानपुर पशुपालन समुह	विजयनगर ७मानपुर	सुन्दरी खत्री	४	६	१०	९८१९४६७९४२
	जम्मा			३०	१०७	१३७	

विजयनगर गाउँपालिकामा दर्ता भएका बाख्रापालन समुहको विवरण

क्र.स	समुहको नाम	ठेगाना	अध्यक्षको नाम	महिला	पुरुष	जम्मा	फोन नं.
१	मधनगर बाख्रापालन समूह	विजयनगर १,मधनगर	मोहन परियार	६	४	१०	९८१६४९३६३४
२	जवावैराठ बाख्रापालन समूह	विजयनगर १, जवावैराठ	प्रजापति थारु	४	९	१३	९८२१४७४४६४
३	मधवानगर बाख्रापालन समूह	विजयनगर २,मधवानगर	सुवित्रा खड्का	११	०	११	९८४९९५४०५२
४	लोहोरौला बाख्रापालन समूह	विजयनगर २,लोहोरौला	इन्द्रा थारु	१२	३	१५	९८१७४६२०५५
५	शंकरपुरबाख्रापालन समूह	विजयनगर ४,शंकरपुर	आशा चन्द्र बोहोरा	२	९	११	९८२४४४७८३१
६	बुद्ध शक्ति बहुद्देश्य बाख्रापालन समूह	विजयनगर ४, बुद्धनगर	विमला पुन	१४१	१	१५	९८०७४०४४९६
७	गेडुवाजोत बाख्रापालन समूह	विजयनगर ७,गेडुवाजोत	साधू धोवी	६	१४	२०	
८	गणेशपुर बाख्रापालन समूह	विजयनगर ७,गणेशपुर	मो.रजा मुसलमान	०	१५	१५	९८१६४४६३२०
जम्मा				५५	४	९५	

आ ब ०७७।०७८९ मा विजयनगर गाउँपालिकामा दर्ता भएका बाख्रापालन समुहको विवरण

दर्ता/नविकरण मिति	समूह/समितिको नाम	अध्यक्षको नाम	ठेगाना	सम्पर्क नं.	दर्ता नं.	संचालन गरेकाक्रियाकलाप	कैफियत
०७७।१२।२०	प्रगतिशिलबाख्रापालन समूह	भुमा रासकोटी	विजयनगर५देविपुर	९८०५४९७०१८	१	बाखापालन	
०७७।१२।२२	सहनशिलगाई भैसी पालन समूह	मिना भटराई	विजयनगर २पडरिया	९८४७३२५२९०	२	गोठ सुधार	
०७७।१२।२३	पडरिया भैसी पालन समूह	प्रताप अहिर	विजयनगर २पडरिया	९८०८६२४९०४	३	गोठ सुधार	
०७७।१२।२५	लाङ्छाली वंगुर पालन समूह	टेकन सिंह रखल	विजयनगर २नयावस्ती	९८८४०९२६२१	४	बगुर पालन	
०७७।१२।२९	सौभग्यबाख्रापालन समूह	हर्क ब. राना मगर	विजयनगर १जवावैराठ	९८४७०५२४३१	५	बाखापालन	
०७७।१२।३०	बगाहाबाख्रापालन समुह	चम्पाबोहोरा	विजयनगर ६बगाहा	९८११९६२५३३	६	बाखापालन	
०७७।१२।३१	रामजानकीबाख्रापालन समुह	अलिमुननिसा	विजयनगर ३जगदीशपुर	९८२१४२३२२५	७	बाखापालन	
०७७।१०।११	देवीपुर बाखापालन समुह	छम ब.राना	विजयनगर ५ देवीपुर	९८६७१५१५१९	८	गोठ सुधार	

विजयनगर गाउँपालिका महिला संजालको नामावली

क्र.स.	नाम थर	पद	सम्पर्क नं.
१	श्री आशा खत्री	अध्यक्ष	९८४२८००९८८
२	श्री सुनीता थारु	उपाध्यक्ष	
३	श्री सुन्दरी खत्री	सचिव	९८४७१८७३७९
४	श्री खुसबुन निसा	कोषाध्यक्ष	
५	श्री कमला गुरुङ	सदस्य	९८४७४२४६४५
६	श्री प्रमिला पौडेल	सदस्य	९८४४७८२२४५
७	श्री पुर्णकला खत्री	सदस्य	
८	श्री साफिया खातुन	सदस्य	
९	श्री पिपा राना	सदस्य	९८६४४५६०५८
१०	श्री मनकुमारी खन्गाहा	सदस्य	९८०७४२०९०७
११	श्री अरुणा वि.क.	सदस्य	९८४७३२५२७७
१२	श्री ईन्द्रकला न्यौपाने	सदस्य	
१३	श्री बबुनी थारु	सदस्य	९८२१५६१६६६
१४	श्री चित्रमाया थापा	सदस्य	
१५	श्री तिल कुमारी अधिकारी	सदस्य	
१६	श्री विजय लक्ष्मी कुर्मी	सदस्य	
१७	श्री इन्दु पराजुली	सदस्य	
१८	श्री गायत्री रोक्का	सदस्य	

महिला शाखा अन्तर्गतका महिला समुहहरु

क्र.स.	समुहको नाम	ठेगाना	अध्यक्षको नाम	सम्पर्क नं.	
१	सरस्वती महिला समुह	विजयनगर ५ जोगिनिया	खुसबुन निशा		
२	लालिगुरास महिला समिति	विजयनगर ५ सिसवा	राधिका पासी	9811492535	
३	समई माई महिला समुह	विजयनगर ५ पिपरी	जगमती पासी	982199530	
४	सगरमाथा महिला समिति	विजयनगर ६ खडैचा	गंगा रखाल	9847519416	
५	नव ज्योती महिला समिति	विजयनगर ५ देविपुर	रचनी वलाल	9847207378	
६	साहासी महिला समिति	विजयनगर ६ प्रेमनगर	तारा देवी पोखेल	9867269023	
७	शिव शक्ती महिला समिति	विजयनगर ६ खजहनी	टिका कुवर अर्याल	9842403824	
८	गौतम बुद्ध महिला समिति	विजयनगर ६ बद्धौर	तुल्सा न्यौपाने	9807453594	
९	नमुना मिहला समिति	विजयनगर ५ डालपुर	चन्दा पासी	9827450714	
१०	उज्वलपुर महिला समिति	विजयनगर ६ उज्वलपुर	पार्वता शर्मा	9847679072	
११	लक्ष्मी महिला समिति	विजयनगर ५ वघमरवा	भानमती चौहान	9821984271	
१२	मनकामना महिला समुह	विजयनगर १ मधनगरा	सावित्रा स्याङ्ताङ	9848946593	
१३	पशुपति महिला समुह	विजयनगर १ सेमरी चाफा	चिमा विष्ट	9866772273	
१४	लालिगुरास महिला समिति	विजयनगर १ भगिरामपुर	मनकुमारी खन्गाहा	9807420907	
१५	सगरमाथा महिला समिति	विजयनगर १ नयाँवस्ती	पिपा राना	9864456058	
१६	महा दुर्गा महिला समिति	विजयननगर १ गुगौली	लिलावति पटाहार	9805463270	
१७	महा लक्ष्मी महिला समिति	विजयनगर १ गुगौली	गिता मिश्रा	9826432565	
१८	सन्देश मिहला समिति	विजयनगर २ जलैंहिया	साफिया खातुन	9847385039	
१९	जनचेतना महिला समुह	विजयनगर २ लोहरौला	मनकला थारु	9843218508	
२०	सृजनशिल महिला समुह	विजयनगर २ मगरघट्ट	गंगा कुमारी शर्मा	9865138912	
२१	सरस्वती महिला समुह	विजयनगर २ ईमिलिखर्क	मिना भट्टराई	9847325290	
२२	मिलन महिला समुह	विजयनगर २ मधुवानगर	सिता थापा	9847293922	
२३	हिरयालि महिला समुह	विजयनगर २ कुकुरभुकुवा	कमला मोहरा		
२४	उज्यालो महिला समुह	विजयनगर १ नेवलागंज	मिना रोक्का	9842341391	
२५	शिवशंकर महिला समुह	विजयनगर २ ईमिलिखर्क	सावित्रा भर		
२६	प्राकाश महिला समिति	विजयनगर ७ छोअमौलि	कलावती कोरी		
२७	प्रगतिशल महिला समिति	विजयनगर ७ मानपुर	प्रेमा दमाई	9847187379	
२८	विहानि महिला समुह	विजयनगर ३ दिपेन्द्रनगर	अरुणा वि.क.	9847325277	
२९	दिपज्योती महिला समुह	विजयनगर १ हनुमाननगर	शुशिला थारु		
३०	स्वतन्त्र महिला समुह	विजयनगर ४	बबुनी चौधरी	9821561666	
३१	अम्लहवा महिला समिति	विजयनगर ४ अमलहवा	ज्ञानु माया भट्टराई		
३२	संगम महिला समिति	विजयनगर ४ त्रिपालनगर	विष्नु थापा	9817479853	

नवौं गाउँसभावाट पारित विजयनगर गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम

आदरणीय सभाध्यक्ष महोदय सभा सदस्यज्यूहरु प्रमुख प्रशासकीय अधिकृत तथा अन्य राष्ट्रसेवक कर्मचारीहरु पत्रकार सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु

सर्वप्रथम विजयनगर गाउँपालिकाको नवौं गाउँसभामा हार्दिक स्वागत गर्दछु

१. नेपाली जनताको लामो त्याग र बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रमा आधारित स्थानीय सरकारको रुपमा स्थापित विजयनगर गाउँपालिकाको यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

२. आगामि आ.व. को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनामार्फत नेपाललाई उज्यालो युगमा ल्याइ पुर्याएउने क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलहनका क्रममा घाइते, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । लोकतन्त्र, सामाजिक न्याय र सुशासन प्राप्तिका आन्दोलनको अगुवाइ गर्नुहुने अग्रज योगदान गर्नुहुने सबैप्रति उच्च सम्मान सहित उहाँहरु सबैको योगदानको स्मरण गर्दछु ।

३. मुलुक कोभिड-१९ दोस्रो भेरियन्टको संक्रमणबाट आक्रान्त भइरहेको छ । कोभिड-१९ संक्रमणबाट दुःखद मृत्यूवरण गर्नुहुने नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दछु । संक्रमित बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रतिकूल परिस्थिति एवं अत्यावश्यक सुरक्षाका स्वास्थ्य सामाग्रीहरुको अपर्याप्ताका बावजुत धैर्यता र उच्च मनोवलका साथ अहोरात्र खटिइरहनु भएका स्वास्थ्यकर्मी सुरक्षाकर्मी जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीहरुको योगदानको हार्दिक सम्मान र उच्च प्रशंसा गर्दछु । साथै संक्रमणको रोकथाम र न्यूनिकरणका लागि गाउँपालिकाले चालेका हरेक कदमको कार्यान्वयनमा होस्टेहैसे गर्नहुने स्थानीय आम जनसमुदाय राजनैतिक दल विभिन्न संघ संस्था पेशा व्यवसायी तथा सचेतनामूलक सामाग्रीहरुको सम्प्रेशणमार्फत आम नागरिकलाई सुसूचित गरी कोभिड-१९ संक्रमणको रोकथामतथा न्यूनिकरणका लागि महत्वपूर्ण सहयोग गर्नुहुने आम सञ्चारकर्मी मित्रहरुलाई हार्दिक धन्यावाद ज्ञापन गर्दछु । कोभिड-१९ संक्रमणको जोखिम यथावत रहेकोले संक्रमणबाट बच्न जनस्वास्थ्यका मापदण्डहरुको कडाइका साथ पालना गर्न गराउन हरेकले आ-आफ्नो स्थानबाट यथासक्य सहयोगका लागि हार्दिक अपिल गर्दछु ।

५. हाल विश्वाभर फैलिएको कोभिड-१९ को दोश्रो भेररयन्टको कारण समग्र राष्ट्रको साथै हाम्रोपालिका समेत आक्रान्त बनेको छ । यसको असर हामीले अनमुान गरेभन्दा ज्यादा जटिल र भयावह हुन पुग्यो । तसर्थः हामीसँग उपलब्ध स्वास्थ्य संरचना तथा जनशक्ति न्यून मात्र नभई अत्यन्तै अपुग रहेको हामीले अनुभुत गर्यौं ।

आदरणीय सभाध्यक्ष महोदय

६. देश संक्रमणको यो गम्भिर संकटमा पिरोलिइरहेको समयमा सम्पूर्ण राष्ट्र एकताबद्ध भएर विपत्तिको सामना गर्नुपर्ने अवस्थामा केन्द्र सरकार प्रदेश सरकार तथा थुप्रै स्थानीय सरकारहरु समेत विभिन्न प्रकारका राजनैतिक दाउपेचको सिकार भइ विवाद विभाजन र अस्थिरतामा जकडिइरहेको अवस्थामा यस विजयनगर गाउँपालिकाको अवस्था अत्यन्तै

सुःखद छ । यस पालिका सरकारमा प्रतिनिधित्व गरिरहेका हामी प्रतिनिधिहरु त एकतावद्ध छदै छौ सरकार वाहिर रहनुभएका आम राजनैतिक दलहरुले समेत गाउँपालिकाको समृद्धिका लागि सञ्चालित हरेक योजना तथा कार्यक्रमह(रुमा अत्यन्तै रचनात्मक सहयोग पुऱ्याइरहनु भएको छ । तसर्थः यस स्थानीय सरकारको नेतृत्व गर्ने सौभाग्य म आफुलाई प्राप्तर भएकोमा निकै भाग्यमानी ठानेको छु ।

७. आर्थिक सामाजिक रुपमा पिछडिएको हाम्रो पालिका विविध प्राकृतिक साधन स्रोतको उपलब्धताले अनेकन सम्भावनाले सुसज्जित छ । हामीसँग उपलब्ध ताल-तलैया वनपैदवार तथा नदिजन्य पदार्थको उचित संरक्षण एवं संवर्द्धन सँगै तिनको यथोचित सदुपयोग गर्न सके मात्र पनि गाउँपालिकाको समृद्धिका लागि आवश्यक आर्थिक स्रोतको जोहोका लागि ठुलो टेवा पुग्ने देखिन्छ ।

८. विभिन्न जात जाति भाषा भाषि धर्म एवं सास्कृतिक विविधताको पर्यायको रुपमा रहेको यस गाउँपालिकामा प्राय सबै सम्प्रदायका मानिसहरुको बसोवास रहेको भएतापनि धार्मिक एवं अन्य विविध सहिष्णुताको हिसाबले नेपालकै उदाहरणिय स्थानिय तहको रुपमा रहनु हामी सबैको गौरवको विषय हो । हामिहरुको सुझबुझपूर्ण साझा प्रयत्नबाट मात्र हाम्रो यो पहिचानलाई थप जीवन्तता प्रदान गर्न सक्दछौं । तसर्थ यस विषयमा सम्पूर्ण सभा सदस्य ज्यूहरुको ध्यानाकर्षण गर्न चाहान्छु ।

९. गाउँको सिंहदरबारको रुपमा कहलिएको स्थानीय सरकारको रुपमा स्थापित यस गाउँपालिकाले स्थापनाकालदेखि नै न्यूनतम आवश्यक जनशक्तिको समेत उपलब्धता नहुँदा सेवा प्रवाहलाई उद्देश्य अनुरुप उपयुक्त सेवा उपयुक्त ढंगले उपयुक्त समयमा जनअपेक्षा अनुरुप प्रवाह गर्न नसकिरहेकोमा निरन्तरको अथक प्रयत्नबाट पालिकाका महत्वपूर्ण शाखाहरुमा अधिकृत तथा सहायक स्तरका कर्मचारीहरुको उपलब्धता भइसकेको तथा केही निकट भविष्यमै उपलब्ध हुने क्रममा रहेकोले यहाँबाट हुने सेवा प्रवाहमा गुणात्मक परिवर्तन हुने अपेक्षा गरेको छु ।

आदरणीय सभा सदस्यज्यूहरु

१०. साविकमा विकाशको मूल प्रवाहबाट विमुख रहन गई आर्थिक एवं सामाजिक रुपले जिल्लाको मात्र नभई देशकै सबैभन्दा पछाडि परेको क्षेत्रको रुपमा हेरिने गरेको यो क्षेत्र परिवर्तित शासकिय स्वरुप अन्तर्गत गाउँपालिका स्थापना भए पश्चात प्रथम पटक निर्वाचित हामी जनताका प्रतिनिधिहरुको सुझबुझपूर्ण प्रयत्नबाट गाउँपालिकाको पहिचान नै परिवर्तन हुँदै गएको कुरा देख्न र अनुभुति गर्न सकिन्छ ।

११. हामीले स्थानीय सरकारो जिम्मेवारी सम्हाल्दै गर्दा पालिकाभित्र पिच/पि.सि.सि./आर.सि.सि. त टाढाको कुरा सहज आवतजावत गर्न सकिने ग्राभेल सडको समेत उपलब्धता नभएकोमा स्थानीय सरकार स्थापनाको चौथो वर्ष पुरा हुँदै गर्दा गाउँपालिका भित्र थुप्रै किलोमिटर सडक कालोपत्रे भएको छ । गाउँपालिका केन्द्रको पूर्वपश्चिमकम महेन्द्र राजमार्गसँग कालोपत्रे सडकबाट बाह्रैमहिना सहज पहुँच स्थापित भएको छ । गाउँलिका केन्द्रबाट प्रत्येक वडा कार्यालय कालोपत्रे सडकमार्फत जोड्ने हाम्रो उद्देश्य यस आ.व. भित्रमा सम्पन्न हुँदैछ । प्राय प्रत्येक गाउँटोलमा पि.सि.सि. ढलानयुक्त सडक निर्माण सम्पन्न भएका छन् । यस वर्ष भित्र गाउँपालिकालाई धुलो हिलोयुक्त सडक मुक्त बनाउने कार्य सम्पन्न हुँदैछ । लामो समयदेखि बेवारीसे अवस्थामा रहेका देशकै महत्वपूर्ण तथा यस पालिकाको लागि Life-Line Road को रुपमा रहेका हुलाकी तथा RTO सडका हाम्रो कुशल अन्तरसरकारी समन्वयका कारण RTO कालोपत्रे सम्पन्न भइसकेको छ भने हुलाकी सडकको निर्माणले समेत तिव्रता पाएको छ ।

१२. अत्यन्तै नाजुक अवस्थामा रहेको यहाँको शैक्षिक क्षेत्रलाई माथि उठाउन यो बिचमा हामीले थुप्रै प्रयत्नहरु गरेका छौँ । प्रत्येक सामुदायिक तथा धार्मिक विद्यालयहरुलाई न्यूनतम आवश्यक पूर्वाधारयुक्त बनाउने उद्देश्यका साथ सम्पूर्ण विद्यालयहरुमा विद्यालय भवन निर्माण शौचालयन निर्माण खानेपानी व्यवस्थापन तथा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना लगायतका उल्लेखनिय भौतिक प्रगति हासिल भएको छ । विद्यार्थी अनुपातमा अति न्युन शिक्षक रहेका विद्यालयहरुमा गणित विज्ञान अङ्ग्रेजी तथा अन्य विषयका करिव ३५ स्वयमसेवक शिक्षकको पदपूर्ति गरी पालिकाले आफ्नै स्रोतबाट तलव भत्ता उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाबाट बजारमा सजिलै विक्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने हेतुले २ विद्यालयहरुमा प्राविधिक धारको पढाइ सुरुवात भइसकेको छ ।गाउँपालिका भित्रका २ विद्यालयहरुको स्तरोन्नती गरी कक्षा ११ र १२ को अध्ययनका लागि पालिका वाहिर जानुपर्ने वाध्यताको अन्त्य गरिएको छ ।

१३. न्यूनतम आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका पालिका निवासी जनतालाई आधारभुत स्वास्थ्य सेवाको सरल एवं सहज पुर्याउने उद्देश्यलाइ हामीले सुरुवात देखिनै केन्द्रमा राखेर विभिन्न प्रयासहरु गर्दै आएका छौँ । त्यसैको परिणाम प्रत्येक वडामा कम्तिमा १/१ वटा आधारभुत स्थास्थ्य सेवा केन्द्र स्थापना भइ सेवा उपलब्ध गराइरहेका छन् । गर्भवती महिलामा देखिने स्वास्थ्य समस्यका कारण अकालमै मृत्युवरण गर्नुपर्ने अवस्थालाई अन्त्य गर्न हरेक वडाको पायक स्थानमा वर्थिङ्ग सेन्टर स्थापना गर्ने नीति अनुरुप केही संचालनमा आइसकेका छन भने केही छिट्टै संचालन हुने अवस्थामा छन् । सामान्य स्वास्थ्य परिक्षणको असुविधाका कारण टाढा टाढा जानुपर्ने अवस्थालाई अन्त्य गर्न विजयनगर-६ प्रेमनगरमा Lab परीक्षण सुविधा एवं मेडिकल अधिकृत सहितको साप्ताहिक स्वास्थ्य क्लिनिक सञ्चालन गरिएको छ । जसले गर्दा सामान्य स्वास्थ्य समस्याको उपचारका लागि बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको छ । गाउँपालिकाले आफ्नै एम्बुलेन्सको व्यवस्था गरेको छ । जसबाट यातायातको असुविधाका कारण समयमै अस्पताल जान नसकी अकालमै मृत्युवरण गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

१४. कृषि तथा पशुपंक्षी विकासका क्षेत्रमा समेत निकै महत्पूर्ण प्रयासहरु भएका छन् । सिंचाइ सुविधाको अभावमा यत्तिकै बाँझो रहेका उर्वर जमिनलाई स्यालो/डिप ट्युवेल र बोरिङ्गको माध्यमबाट सिंचाइ सुबिधा पुऱ्याई खाद्यान्न दलहन तेलहन लगायतका बालीको उत्पादनमा वृद्धि भएको छ । कृषिमा आधुनिकिकरण तथा यान्त्रिकरण गर्ने गाउँपालिकाको नीति अनुरुप पूर्ण तथा अधिक अनुदानमा कृषकको मागमा आधारित यन्त्र एवं उपकरण उपलब्ध गरीदै आएको छ । भैसिपालनलाई व्यवसायिक बनाउने मात्र नभइ स्रोतकेन्द्रको रुपमा विकाश गर्ने उद्देश्यले विजयनगर-५ नौरंगियामा प्रदेशकै गौरव योजनाको रुपमा भैसी स्रोतकेन्द्र स्थापना भइ निर्माण कार्य अगाडि बढिरहेको छ ।

१५. जन्मदै वा अन्य विविध परिस्थितिजन्य कारणबाट भूमिहिन तथा सुकुम्बासी बन्न पुगेका जनतालाइलालपुर्जा सहितको जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासलाई सु-व्यवस्थित गर्ने उद्देश्यका साथ भूमिहिन सुकुम्बासी भूमिहिन दलित तथा अव्यवस्थित बसोवासीको लगत संकलन कार्य सम्पन्न भइ त्यसको प्रशोधनको कार्य भइरहेको छ

१६. देशमा संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भए पश्चात स्थापित यस स्थानीय सरकारको पहिला प्रतिनिधिको रुपमा काम गर्ने विरल सौभाग्य हामीले प्राप्तइ गरेका छौँ । हामीले हालसम्म अभ्यास गर्दै गर्दा संगालेका अनुभवहरु समेतका आधारमा गाउँपालिको समृद्धिका लागि दिर्घकालिन साँचका साथ नीति कार्यक्रम तथा योजनाहरु तय गर्नुपर्ने छ। हाम्रो कार्यकालको अन्तिम वर्षमा रहिरहँदा पालिकाको समृद्धिका लागि हामीले तय गरेको बाटो भोलि निर्वाचित

भएर आउने जनताका प्रतिनिधिले समेत निसंकोच निरन्तरता दिने खालको हुनु आवश्यक छ ।

१७ स्थानीय सरकार स्थापना भएसँगै हामीले तीन वटा नीति कार्यक्रम तथा बजेट कार्यान्वयन गरिसकेका छौं । चौथो कार्यान्वयनको अन्तिम चरणमा छ । पाँचौ नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै गर्दा हामीले हालसम्म संगालेका अनुभव जन अपेक्षा हामीले निर्वाचन ताका जनतासमक्ष गरेका बाचाहरुलाई मूर्तरुप दिन विश्वव्यापी रुपमा स्वीकार गरिएका दीगो विकाशका लक्ष्यहरु समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न नेपाल सरकारले तय गरेको पञ्चवर्षिय योजना तथा समृद्ध प्रदेश खुसी जनताको दिर्घकालिन सोचलाई हासिल गर्न तय गरिएका लक्ष्य एवं रणनीतिसँग तादाम्यता हुनेगरी वर्तमान असहज परिस्थिति विरुद्ध विजय हासिल गर्नेतर्फ उन्मूख हुँदै आम पालिका निवासी जनताको अपेक्षालाई सम्बोधन गर्न हालको प्रमुख बाधकको रुपमा रहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ । कोभिड-१९ को संक्रमण नियन्त्रण गर्दै शिक्षा स्वास्थ्य कृषि तथा पशुपालन खानेपानी तथा सरसफाइ सिंचाई सड्क समावेशी विकाश लैगिक समानता तथा सामाजिक सशक्तिकरण सुशासन मानविय विकास पूर्वाधार तथा संस्थागत क्षमता विकाशलाई मूख्य केन्द्रमा राखेर नीति तथा कार्यक्रमहरु सञ्चालन गर्न वाञ्छनिय ठानेको छु ।

सभाध्यक्ष महोदय
अव म गरिमामय सभा समक्ष आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु:

१८. नीति कार्यक्रम र योजना निर्माण गर्दा नेपालको संविधानको अनुसूची-८ का स्थानीय तहका एकल अधिकार तथा अनुसूची-९ अन्तर्गतका साझा अधिकार केन्द्र सरकारले तय गरेको १५ औ आवधिक योजना प्रदेश सरकारको आवधिक योजना स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन सघिय तथा प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट समेतलाई मार्गदर्शनको रुपमा अवलम्बन गर्दै यो नीतिद्य कार्यक्रम तयार गरिएको छ ।

१९. कोभिड-१९ महामारीको रोकथाम नियन्त्रण र उपचारको आवश्यक प्रवन्ध गरी हरेक गाउँपालिका निबासी जनताको जीवन रक्षा गरिनेछ । संघ र प्रदेश सरकार सँग आवश्यक समन्वय गरी सम्पूर्ण जनतालाई कोभिड-१९ बिरुद्धको खोपको उपलब्धता सुनिश्चित गरिनेछ ।

२०. छोरीलाई बोझ होइन परिवारको सौभाग्यको रुपमा लिने अवस्था सिर्जना गर्न छोरी बँचाऔं छोरी पढाऔं कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२१. गाउँपालिका भित्रका कुनैपनि वालवालिका अव अभिभावक विहिन आर्थिक विपन्नताका कारण उचित संरक्षण र शिक्षादिक्षाको अवसरबाट बञ्चित हुनु पर्दैन । त्यस्ता वालवालिकाहरुको संरक्षक गाउँपालिका हुने गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सरल सहज एवं सबैको पहुँचयोग्य बनाई शिघ्र चुस्तदुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्न यसै आ.व. भित्रमा प्रत्येको वडा कार्यालयहरु आफ्नै प्रशासकीय भवनबाट सञ्चालन गरिनेछ भने गाउँपालिकाको प्रशासकीय भवन निर्माणका आश्यक पूर्वतयारी सम्पन्न गरी निर्माण प्रकृया अगाडी बढाइनेछ ।

२३. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगार उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोगबाट कार्यान्वयन हुने खालका आयोजनाहरु सञ्चाललनलाई विशेष प्राथमिकतामा राखिने छ ।

२४. बैदेशिक रोजगारी गुमाइ वा ऐच्छिक रुपमा स्वदेश फर्की आएका युवा युवतिलाई तिनिहरुले रोजगारीको क्रममा हासिल गरेको सिप र ज्ञानको प्रयोग हुनेखालका उद्यम गर्ने गरी मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

आदरणीय सभा सदस्यज्यूहरु अव म क्षेत्रगतरुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२५. आर्थिक विकासः

क) कृषिः-

- कृषिमा यान्त्रिकरण आधुनिकिकरण तथा व्यावसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई अर्गानिक तरकारी खाद्यान्न दलहन उत्पादनमा आत्मनिर्भर बनाउँदै छिमेकी पालिकामा निर्यात गर्न सक्ने अवस्था सिर्जना गर्न विशेष जोड दिइनेछ ।
- कृषि क्षेत्रको विकासका लागि एक वडा एक वीउ बैंक स्थापना गरिनेछ । कृषि बालीमा लाग्ने रोग किरा र महामारी नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीय माटो र हावापानी अनुकुलका स्थानीय तथा उन्नत जातका बालीनाली लगाउनका लागि आम कृषकलाई सुसूचित गरिनेछ ।
- यस पालिका भित्रका कुनै पनि उर्वर भूमिलाई सिंचाइको असुविधाका कारण बाझो रहन नदिन एक टोल एक स्यालो ट्युवेलको कार्यक्रम सञ्चालन गरिनेछ । संघिय र प्रदेश सरकारसँगको साझेदारीमा लिफ्ट सिंचाई आयोजना संचालनका लागि आवश्यक समन्वय गरिनेछ ।
- कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा सहज पहुँचका लागि विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन तथा उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था मार्फत कृषि पेशाप्रतिको आकर्षण बृद्धि गरिनेछ ।
- परम्परागत र निर्वाहमुखी कृषि प्रणालिलाई आधुनिक एवं व्यवसायिक कृषि प्रणालिमा रुपान्तरणका लागि कृषकहरुलाई आवश्यक ज्ञान शिप तथा प्रविधिको हस्तान्तरण गरिनेछ ।
- कृषि अनुदानलाई थप व्यवस्थित गर्दै लक्षित वर्गको पहुँचलाई सुनिश्चित गरी निर्वाहमुखि कृषिलाई व्यवसायिकतामा रुपान्तरण गरि गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाउने गरि कृषि क्षेत्रको वृहत्तर विकास गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय स्तरमा उत्पादित तरकारी किसान स्वयमले विक्रि वितरण गर्न पाउने गरी तरकारी बजारको आवश्यक व्यवस्थापन गरिनेछ ।
- एक गाउँ एक पकेट क्षेत्रको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि सँग सम्वन्धित सूचनाहरु स्थानीय रेडियो सामाजिक सञ्जाल तथा सूचना पाटीहरुमा प्रकाशन तथा प्रसारण मार्फत आम कृषकको सूचनामा सहज पहुँचको सुनिश्चितता गरिनेछ ।
- "उन्नत विउ अर्गानिक मल र आधुनिक मलको प्रयोग गरी उत्पादन बढाऔ-उर्वर माटोलाई भावी सन्ततिको लागि बचाऔ" भन्ने मूल नाराका साथ रासायनिक मल तथा विषादीहरुको प्रयोगलाई निरुत्साहित गर्न वनस्पातिक विषादि र प्राङ्गारिक मल (हरीयो मल)को उत्पादन एवं प्रयोगलाई वढावा दिदै जैविक (Organic) खेतीलाई विशेष प्रोत्साहित गरिनेछ ।

(ख) पशु सेवाः

- पशुपालन व्यवसायलाई सम्मानित एवम् रोजगारयुक्त क्षेत्रको रुपमा स्थापनाका लागि निर्वाहमुखी पशुपालनलाई

व्यवसायिकतामा रुपान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- पशुपंक्षी पालन तथा पशुजन्य व्यवसायमा युवाहरुको सहभागिताको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- माछा मासु र दुग्धजन्य पदार्थमा पालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्देश्यका साथ व्यक्तिगत तथा सामुहिक पशुपालन गर्ने कार्यलाई प्रोत्साहन गर्न धेरै संख्यामा पशुपंक्षी पालन गर्ने कृषकहरुका लागि गोठ तथा खोर
- सुधारका लागि प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था मिलाइनेछ ।

पशु आहार तथा घाँस विकास कार्यक्रम एवं पशु स्वास्थ्य तथा उपचार सम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

- पशुको कृत्रिम गर्भाधान द्वारा नश्लए सुधार गरि उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

(ग) पर्यटन/संस्कृती:

- यस गाउँपालिकाको पहिचानको रुपमा रहेको शंकरपुर तालकोद्र वृहत्तर विकासको लागि निर्मित गुरुयोजनाको कार्यान्वयन मार्फत् तललाई अवलोकन योग्य पर्यटकिय तथा पिकनिक स्पोर्टको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने आदिवासी जनजातीको भेषभुसा एवं धर्म सस्कृतिको संरक्षणञ्च सम्वर्द्धन एवं प्रचारप्रसार मार्फत पर्यटनमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- निर्माणाधानि थारु संग्राहलयञ्च होमस्टे लगायतका पर्यटकिय संरचनाहरुको रचनात्मक एवं कलात्मक ढंगले निर्माण कार्य सम्पन्न गरी यस पालिकाको पहिचानको रुपमा विकाश गरिनेछ ।

(घ) सहकारी:

- गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारीहरुलाई व्यवस्थित गर्न नियमित अनुगमन एवं नियमनका साथै औचित्यको आधारमा सहकारी एकिकरणलाई प्रोत्साहन गरिनेछ ।
- सहकारी संघ संस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा नेतृत्व विकास एवं व्यवस्थापन सँग सम्वन्धित तालिमको व्यवस्था मिलाइनेछ ।
- सहकारी तथा गरिवि निवारण सम्वन्धि व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सञ्चालित सहकारीहरु परिवर्तित कानूनी एवं नीतिगत व्यवस्था अनुकुल सञ्चालन भए नभएको यकिन गरी नियमानुसार संचालन गर्नका लागि नियमन गरिनेछ ।

२६.सामाजिक विकास नीति: -

क) शिक्षा:

- "शिक्षामा लगानी हुँदैन हानी" भन्ने मूल मन्त्रका साथ विजयनगर गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा आधारभुत भौतिक पूर्वाधारको उचित व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयको विद्यालयगत शिक्षक-विद्यार्थी अनुपातञ्च सञ्चालित कक्षा र विषयगत शिक्षक समेतका आधारमा शिक्षक दरवन्दि मिलान गरिनेछ । विद्यार्थिको अनुपातमा अति न्यून दरवन्दी रहेकाञ्च दरवन्दी नै नरहेका विद्यालयहरुलाई मापदण्डका आधारमा प्रदान गरिएको स्वयम सेवक शिक्षक व्यवस्थापन अनुदानलाई निरन्तरता दिइनेछ ।
- शिक्षण सिकाई क्रियाकलापमा डिजिटल प्रविधिको प्रयोग गरी शिक्षण गर्न प्रोत्साहित गरिनेछ ।
- आधारभुत तहको शिक्षा अनिवार्य गर्न सबै बालवालिकाको विद्यालयमा सहज पहुँच सुनिश्चित गर्न सबै विद्यालय

र वडाहरुलाई जिम्मेवार बनाईनेछ ।

- सामुदायिक विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिबृद्धिका लागि प्रधानाध्यापकहरु सँग कार्यसम्पादन करार गरिनेछ । प्रधानाध्यापक मार्फत् शिक्षकहरुसँग कार्यसम्पादन करार गरिनेछ । करार सम्झौता बमोजिम कार्य सम्पादन गर्ने प्रधानाध्यापक तथा शिक्षकलाई पुरस्कार तथा प्रोत्साहन गरिनेछ ।
- प्रारम्भिक वालकक्षालाई प्रभावकारी बनाउन वालकक्षा शिक्षक तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सँगै कक्षाकोठाको व्यवस्थापन प्रभावकारी बनाउने नीति तय गरिनेछ । अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी घर तथा समुदायदेखि नै वाल विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने नीति तय गरिनेछ ।
- विद्यालयको पहुँच रहेका तथा नरहेका वालवालिकाहरुलाई विद्यालय भिकाउने सिकाउ र टिकाउको नीति अवलम्वन गरिनेछ ।
- "शैक्षिक क्षेत्र समृद्धिको आधार दक्ष जनशक्ति उत्पादन एवं दिगो शैक्षिक पूर्वाधार" भन्ने मूल नाराका साथ व्यवसायिक सिपमूलक र गुणस्तरीय शिक्षाका लागि विशेष जोड दिइनेछ ।

ख) स्वास्थ्य :-

- नागरिकहरुको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याई निःशुल्क रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनमा जोड दिइनेछ ।
- मातृ शिशु सुरक्षाको लागि उपाध्यक्ष मातृ शिशु कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिदै कामप्रति थप उत्प्रेरित गराइनेछ ।
- व्यवस्थित परिवार सुखी परिवारद्वको मर्म अनुसार किशोर किशोरीहरुका लागि परिवार कल्याण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बाल स्वास्थ्य पोषण मातृशिशु स्वास्थ्य किशोर किशोरी स्वास्थ्य ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको आधारभुत स्वास्थ्य सेवामा पहुँच सुनिश्चिरत गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको खानेपानी र सरसफाइमा विशेष ध्यान दिदै सञ्चालित वर्थीङ् सेन्टरको प्रभावकारी व्यवस्थापन गर्दै आवश्यकताका आधारमा थप वर्थिङ् सेन्टरको स्थापना गर्ने नीति लिइनेछ । सञ्चालित वर्थिङ् सेन्टरमा काम गर्ने स्वास्थ्य कर्मिहरुलाई प्रोत्साहित गरिनेछ ।
- प्रयोगशाला परिक्षण(Lab)सेवालाई गुणस्तरिय एवं विश्वसनिय बनाउनका लागि आवश्यक स्रोत साधनको प्रवन्ध गरिनेछ ।
- आवश्यक पर्ने औषाधिहरु समयमै खरिद गरी हरेक समयमा सहज उपलब्धताको सुनिश्चितता सँगै रोग व्यादीको प्रकोप न्यूनिकरण गर्न सर्ने तथा नसर्ने रोगबारे जनचेतना अभिवृद्धि तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गर्भवती महिलाको घर पहिचान र कार्यक्रम सञ्चालन मार्फत् नियमित गर्भ परीक्षण तथा स्वास्थ्य संस्थामा मात्र सुरक्षित सुत्केरी हुने आवश्यक वातावरण सिर्जना गरि मातृ तथा शिशु मृत्युदरलाई न्यूनिकरण गरिनेछ ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनका लागि स्वास्थ्यकर्मीहरुको ज्ञान सीपको अभिवृद्धि गर्न निजहरुलाई सेवासँग सम्वन्धित तालिमहरु सञ्चालन गरिनेछ ।

ग) युवा तथा खेलकुदः-

- स्वास्थका लागि खेलकुद भन्ने तथ्यलाई मनन गरि खेलका लागि आवश्यक पूर्वाधार विकास गर्दै खेलको माध्यमबाट गाउँपालिकालाई चिनाउन खेलक्षेत्रको संयोजन गर्न गाउँ खेलकुद समिति गठन गरिनेछ ।

- राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितालाई खेल महोत्सवको रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र संचालित प्रतियोगिताहरुमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई जिल्ला प्रदेश तथा केन्द्र स्तरमा हुने खेलकुदमा सहभागी गराउने नीति लिइनेछ ।
- पछिल्लो समय लागुपदार्थको दुर्व्यसन युवाहरु अति प्रभावित भइरहेको अवस्थालाई ध्यानमा राखी दुर्व्यसन विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन मार्फत आम युवा युवतिमा सकारात्म सोचको विकास गरिनेछ ।

२७.लैंपिक समानता तथा सामाजिक समावेशिकरणः-

- टोल विकास संस्था आमा समुह महिला स्वयम सेविका वालक्लव किशोर-किशोरी लगायतका समूहको सवलिकरण एवं सशक्तिकरण गरिनेछ ।
- ज्येष्ठ नागरिक र एकल महिलाहरुको सम्मानित जीवनयापन र प्रतिष्ठा वृद्धिका लागि लक्षित कार्यक्रम सञ्चालनका साथै आमा-बाबु प्रति छोरा-छोरीलाई जिम्मेवार बनाउन आवश्यक सचेतनामूलक कार्यकम्रम संचालन गरिनेछ ।
- बालविवाह तथा वालश्रम मुक्त गाउँपालिका निर्माणका लागि अभियानकै रुपमा जागरण कार्यक्रम संचालन गर्दै वालमैत्री स्थानिय शासनको अवधारणालाई अगिकार गर्दै यस आ.व. भित्र कम्तिमा १ वडालाई वालमैत्री स्थानिय शासन वडा घोषणा गरिनेछ ।
- लैङ्गिक तथा घरेलु हिंसा मानव बेचविखन तथा जातिय छुवाछुत जस्ता निकृष्ट अमानविय कृयाकलापलाई निरुत्साहित गरिनुका साथै यस्ता कार्यमा संलग्नलाई कानूनको कठघरामा पुर्याउन स्थानीय प्रहरीसँग साझेदारीमा सचेतनामूलक अभियान सञ्चाल गरिनेछ ।
- सामाजिक सुरक्षाको दायरामा पर्ने अपाङ्ग, ज्येष्ठ नागरिकहरुलाई सहजै परिचय-पत्र प्रदान गरी सो को व्यवस्थित अभिलेखिकरण गरिनेछ ।

२८.संस्थागत विकास सेवा प्रवाह र सुशासनः-

- गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहिलाई सरल सहज एवं शिघ्र रुपमा सेवा लिने वातावरण निर्माणका लागि कार्यालयको सुरु विन्दुमै एक सोधपुछ तथा सहायता कक्षको व्यवस्था मिलाइनेछ । सेवा लिन आवश्यक पर्ने निवेदनहरु पालिकाबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- पालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त एवं समय सापेक्ष बनाउन सूचना प्रविधिमा आधारित बनाइनेछ। नागरिकहरुको सूचनाको हकलाई सुनिश्चित गर्न गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सम्पादन भए गरेका सबै प्रकारका कृयाकलापहरुलाई गाउँपालिकाको Web Site तथा आधिकारिक Facebook पेजबाट नियमित रुपमा सूचना अध्यावधिक गरी पारदर्शिता तथा सुशासनको प्रवर्द्धन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा भत्ता नक्सा पास राजस्व प्रशासन योजना तर्जुमा तथा कार्यान्वयन जस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय र क्षेत्रको विद्युतिय प्रणालीमार्फत् शिघ्र सेवा प्रवाहको व्यवस्था मिलाउँदै लगिनेछ ।
- नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने र सुनुवाइका बखत सेवाग्राही तथा अन्य सरोकारवाला पक्षबाट प्राप्तज हुने गुनासोहरुको यथाशिघ्र फर्छ्यौट गर्ने तथा प्राप्ता सुझावहरुलाई आत्मसाथ गर्दै कार्यालयलाई सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ ।
- कर्मचारीहरुको समय पालनामा अनुशासन कायम गर्न सबै कार्यालयमा विद्युतिय हाजिरीको प्रवन्ध गरि सोको अनिवार्य प्रयोग हुने र प्रत्येक महिनाको हाजिरी अभिलेखको प्रतिवेदन अर्को महिनाको पहिलो हप्ताभित्र कार्यालय प्रमुख समक्ष पेश भइ सो को यथार्थ मूल्यांकन हुने व्यवस्था मिलाइनेछ

- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम एवं अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- आवश्यक जनशक्तिको अभावबाट सिर्जित अधिक कार्यवोझका कारण कार्यालय समय अतिरिक्त काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

२९. योजना तथा पूर्वाधार विकाशः-

- विगत वर्षाहरुदेखि लागु भइरहेको नक्सा पासको व्यवस्था अनिवार्य गरिनेछ । नक्सा पास नगरी बनाएका घरहरुलाई एकपटकका लागि प्रकृया पुर्यायई दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।
- निर्माण थालनी गरिएको पालिका रीङ्गरोड निर्माण कार्यलाई तीब्रता दिइनेछ । बजारक्षेत्रका सडक बत्तीको व्यवस्थापन गरिनेछ र यसको मर्मत संभारमा जनताको सहभागिताको सुनिश्चितता गरिनेछ
- निर्माण सम्पन्न भईसकेका सडकहरुको मर्मत संभारलाई नियमित गर्नका लागि सडक मर्मत कोषको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सहलगानिमा सञ्चालित एफ.एम. रेडीयोको नियमन तथा उचित व्यवस्थापन मार्फत रेडियोको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।
- आगलागी तथा अन्य प्राकृतिक प्रकोपबाट पिडित भएका तथा अत्यन्त गरिव परिवारको पहिचान गरी खरको छाना लाई जस्ता पाताबाट विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानिय एफ.एम. रेडीयो मार्फत जनताका प्रतिनिधी जनतासँग कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. वातावरण तथा विपद व्यवस्थापनः-

- पालिकाभित्र प्राकृतिक तथा मानविय कारणबाट हुनसक्ने विपत्तिको व्यवस्थापन गर्न तथा विपदबाट पिडित नागरिकहरुलाई राहत तथा उद्धारका कार्यक्रम सञ्चालन गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम मौज्दात गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।
- पालिकाबाट निश्कासित हुने फोहोरजन्य बस्तुको वैज्ञानिक व्यवस्थापन गर्न डम्पिङ् साइडको उपयुक्त स्थानको खोजि गरिनेछ ।
- पालिका भित्र रहेका नदिनाला तालतलैया पोखरी गढाहा तथा सिमसार क्षेत्रहरुको संरक्षण गरिनेछ ।
- विपद व्यवस्थापन समितिको नियमित वैठक राखिनुका साथै क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद जोखिम न्यूनिकरणका लागि जलवायु परिवर्तन अनुकुलन युक्त पूर्वाधार विकासमा जोड दिइनेछ ।
- अग्नि नियन्त्रणका लागि छिमेकी पालिकाहरुसँगको समन्वयबाट वारुणयन्त्रको आवश्यक परेका वखत सहजै उपलब्ध ताको सुनिश्चितता गरिनेछ ।
- बाढीका एवं नदी कटानका कारण जोखिम भएका ठाउँमा आवश्यकता अनुसार तटवन्ध रिटर्निङ्ग वाल निर्माणका साथै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- भूकम्प प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिनेछ ।

३१. राजश्व/प्रशासनः-

- सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आकार फराकीलो बनाउनुका साथैआर्थिक विकासलाई प्रत्यक्ष सहयोग पुग्ने गरी कर प्रणालिलाई सुदृढ सवल एवं सक्षम बनाईनेछ ।
- समयमा कर दाखिला नगर्ने र झुठो बिवरण पेश गरि कर छली गर्ने करदातालाई जरिवाना सहित कारवाही गरिनेछ । नियमित कर तिर्ने करदाताहरु मध्ये अग्रणी करदातालाई सम्मान गर्ने प्रणालीको विकास गरि अनुशासित करदाता लाई प्रोत्साहित गरिनेछ ।

- उपभोक्ता समितिमा बस्ने पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष)को लागि योजना सम्झौता गर्नु अघि गाउँपालिकामा तिर्नुपर्ने कर वक्यौता भए सम्झौता पूर्व सो को दाखिला अनिवार्य गरिनेछ ।

३२. रोजगार :

- गाउँपालिका भित्र रहेका बेरोजगार तथा वैदेशिक रोजागरी गुमाइ फर्किएका व्यक्तिको तथ्यांक संकलन तथा बिश्लेषण गरी वढि भन्दा वढि रोजगारीका अवसरहरुको सिर्जना हुने खालका श्रममूलक आयोजनाहरु प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।
- श्रमको सम्मान गर्ने संस्कारको विकास गरी बेरोजगारहरुको ज्ञान सीप अनुभव क्षमता र बजार मागको आधारमा बजारमा सहजै विक्ने खालका सीप विकास तालिमको पहिचान एवं संचालनको व्यवस्था मिलाइनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको अनुभव तथा सीपको पहिचान गरि सोहि अनुसारको स्वरोजगार तथा व्यवसाय संचालन मार्फत उद्यमी बन्न चाहाने युवाहरुलाई विशेष अनुदान उपलब्ध गराइनेछ ।

३३. न्यायिक:

- भिना-मसिना प्रकृतिका विवादहरुको कारण बढ्दो पारिवारिक तथा सामाजिक विखण्डनलाई क्रमशः नियन्त्रण गर्न त्यस्ता प्रकृतिका विवादको गाउँटोलमै समाधान गर्न हरेक गाउँटोलको पायकमा आवश्यकता अनुसार मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- न्यायिक समितिमा प्राप्तअ उजुरी दर्ता तथा किनारा लागेका उजुरी फाइलहरुको सुरक्षित व्यवस्थापन गरी खोजेको बखत सहजै उपलब्ध हुनेगरी व्यवस्थित अभिलेखिकरण तथा प्राथमिकताको आधारमा निरुपणको व्यवस्था मिलाइनेछ ।
- न्यायिक निरुपणको शिलसिलामा अनुशासित एवं मर्यादित रुपमा बिवादका पक्ष एवं समितिका सदस्यहरुबिच सरल एवं सहज सम्वाद साक्षी बकपत्र लगायतका कार्य गर्न न्यायिक समिति इजलासको व्यवस्था गरिनेछ ।
- अधिकाधिक मात्रामा मेलमिलाप पद्धतिको माध्यमबाट बिवादको निरुपण गर्न मेलमिलापलाई प्रोत्साहित गर्ने श्रव्य-दृष्य सामाग्रिहरुको उपलब्धता सहितको एक पालिका स्तरीय मेलमिलाप कक्षको स्थापना गरिनेछ ।
- सुचिकृत मेलमिलापकर्ताको सुचि अध्यावधिक गर्दै व्यवस्थित गर्ने एवं प्रत्येक मेलमिलाप केन्दमा सुचिकृत मेलमिलाप कर्ताको सूचि देखिने गरी राख्ने तथा मेलमिलाप सम्वन्धि ऐन २०६८ ले गरेका व्यवस्थाहरुको पालना गर्नेतर्फ आवश्यक व्यवस्था गरिनेछ ।
- मेलमिलाप कार्यलाई थप सफलिभुत पार्न सुचिकृत मेलमिलाप कर्ताको पुनर्ताजकी तथा योग्यता पुगेका इच्छुक व्यक्तिलाई मेलमिलाप कार्यमा सहभागि गराउने प्रयोजनका लागि समय-समयमा आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- न्यायिक निरुपणलाई सरल शिघ्र तथा अत्यन्तै कम शुल्कमा प्रदान गर्नको लागि आम जनतालाई न्युनतम कानूनी एवं कार्यविधिगत ज्ञानको लागि समय-समयमा न्यायिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

यस गाउँपालिकालाई सम्पूर्ण पालिकाबासीको न्यायिक पहुँच युक्त तथा दण्डहिनता मुक्त शान्तिपूर्ण सु-संस्कृत गाउँपालिकाको रुपमा विकाश गरिनेछ ।

अन्त्यमा यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट यस गाउँपालिकाको विकास र समृद्धिको लागि उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सरोकारवाला सबै क्षेत्रबाट महत्तम सहयोग हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकालाई हिजोको त्यो अवस्थाबाट आजको यो अवस्थामा ल्याइ पुर्‍याउन आ-आफ्नो ठाउँबाट योगदान एवं सहयोग गर्नुहुने जनप्रतिनिधि ज्यूहरु राष्ट्रसेवक कर्मचारी राजनैतिक दल सुरक्षा

निकायनीजि क्षेत्र सहकारी क्षेत्र तथा संघ सस्था नागरिक समाज बुद्धिजिवी सञ्चारजगत लगायत सम्पूर्ण पालिकाबासीहरुलाई धन्यवाद ज्ञापन गर्दै भोलिका दिनमा समेत यसैगरी सहयोग हुने अपेक्षा गर्दछु ।

प्रस्तुतकर्ता
गोपाल बहादुर थापा मगर
अध्यक्ष

नवौं गाउँसभावाट पारित विजयनगर गाउँपालिकाको
बार्षिक वजेट वक्तव्य
आर्थिक बर्ष २०७८/०७९ को आय-व्यय विवरण

परिचय तथा समीक्षा

सभाध्यक्ष महोदय, सभामा उपस्थित सभासदस्यहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार,सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई विजयनगर गाउँपालिकाको नवौं गाउँसभामा हार्दिक स्वागत अनि आभार व्यक्त गर्दछु।

पृष्ठभूमी

विश्वभर कोरोना भाईरस कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज र प्रतिकूल परिस्थितिका वीच विजयनगर गाउँपालिकाको गरिमामय यस नवौं गाउँसभामा आर्थिक बर्ष २०७८/०७९ को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेट प्रस्तुत गरिरहदा देशमा हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मका विभिन्न कालखण्डमा लोकतन्त्र र सुशासनका लागि आफ्नो प्राण आहुती गर्ने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु।घाइते योद्धा तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मानका साथ सम्झन चाहान्छु।नेपालको समाज रुपान्तरणका क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वादायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

म यो नीति कार्यक्रम तथा बार्षिक बजेट प्रस्तुत गरिरहँदा नेपाल लगाएत समग्र विश्व कोभिड १९को संक्रमणबाट आक्रान्त अवस्थामा छ। विजयनगर गाउँपालिका पनि यसबाट अछुतो रहन सकेन । कोभिड संक्रमणबाट दुखद निधन भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । शोक सन्तप्त परिवार प्रति समवेदना तथा संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस महामारीबाट बँच्न सबै सचेत रहन, स्वास्थ्य मापदण्ड पालन गर्न तथा कुनै समस्या देखिए स्वास्थ्य सँस्था जानको लागि अपिल गर्दछु।

कोभिड १९ संक्रमण नियन्त्रणका लागि प्रतिकूल परिस्थितिका बावजुत धैर्यता र उच्च मनोवलका साथ अहोरात्र खटिइ रहनुभएका तथा विभिन्न माध्यमबाट सहयोग उपलव्ध गराइरहनुभएका स्वास्थ्यकर्मी सुरक्षाकर्मी जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी स्थानीय आम जनसमुदाय विभिन्न संघ संस्था पेशा व्यवसायी लगायत सम्पूर्णलाई हार्दिक धन्यावाद ज्ञापन गर्दै कोभिड १९ को संक्रमणसंग जुध्न थप सल्लाह सुझाव र सहयोगको लागि हार्दिक अपिल गर्दछु ।

आदरणीय सभाध्यक्ष महोदय,अव म चालु आ.व. २०७७/०७८ कोनीति कार्यक्रम तथा बजेटको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु:

चालु आ.व. २०७७/०७८ को नीति कार्यक्रम तथा बजेटको समीक्षा

चालु आ.व.२०७७/०७८ का लागि ल्याइएको नीति कार्यक्रम तथा बजेट कार्यान्वयको २०७८ जेष्ठ मसान्त सम्मको अवस्था अघिल्लो आर्थिक बर्षको तुलनामा केहि सन्तोषजनक देखिएको छ । बजेट कार्यान्वयनको महत्वपूर्ण चरणमा कोभिड १९ को नयाँ भेरिएन्ट सहित फैलिएको महामारीका कारण विशेष परिस्थिति सिर्जना भई विकासका कामहरुमा केहि अवरुद्ध हुन पुग्यो भने जनमानसको उपस्थितिमा हुने कार्यक्रमहरु प्राय ठप्प नै रहे । विकास निर्माणका कामले गति लिनै लाग्दा हामीले कोरोना संक्रमणको सामना गर्नु पर्यो ।

चालु आ.व. को कूल ६० करोड ५३ लाख २१ हजार ३२६ संसोधित बजेट अनुमान गरिएकोमा २०७८ जेष्ठ

मसान्तसम्म रु ४५ करोड ६१ लाख ३० हजार ४७३ गाउँपालिकाको खातामा आम्दानी भएको छ । जसमध्ये चालु तर्फ रु ३५ करोड १५ लाख ४२ हजार ३८० र पूँजिगत तर्फ २१ करोड ३३ लाख ७८ हजार ५४६ रहेको छ । सोही अवधिसम्म चालु तर्फ रु २५ करोड २४ लाख ७३ हजार ६५५ अर्थात चालु तर्फको कूल आम्दानीको ६५ प्रतिशत रकम खर्च भएको छ भने पूँजिगत तर्फ रु ६ करोड ५३ लाख ४५ हजार ८४५ अर्थात ३० प्रतिशत रकम खर्च भएको छ । यसरी समग्रमा हेर्दा जेष्ठ मसान्त सम्म कूल प्राप्त बजेटको ४८ प्रतिशत रकम खर्च भएको अवस्था छ ।

चालु आ.व. मा विशेष गरि पूर्वाधार विकासका क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ राजमार्गबाट गाउँपालिका सम्म कालोपत्रे सडकले जोड्न सफल भएका छौं । गाउँपालिका भित्र अन्तर वडा तथा गाउँपालिका जोडने मुख्य सडकहरु कालोपत्रे तथा स्तरोन्नती भएको छ भने वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माणको काम आगामी आर्थिक बर्ष सम्पन्न हुने गरि निर्माण कार्य जारी रहेको छ । गाउँपालिका भित्रका अधिकांश गाउँहरु पि.सि.सि. ढलानयुक्त भएका छन भने गाउँपालिकालाई धुलो र हिलो मुक्त गाउँपालिका बनाउने गरि आगामी आ.व. मा बाँकी कामहरु सम्पन्न गर्न प्रस्ताव गरिएको छ । आर.टि.यो. सडक निर्माण सम्पन्न भएपछि गाउँपालिकाको मुहार फेरिएको छ भने हुलाकी सडक निर्माणको कार्य तीव्र गतिले भइरहेकाले उक्त सडकको निर्माण सम्पन्न पश्चात गाउँपालिकाको विकासको गतिले छलाङ्ग लिने सहजै अपेक्षा गर्न सकिन्छ ।

सामाजिक विकास तर्फको नीति कार्यक्रम कार्यान्वयको अवस्था सन्तोषजनक रह्यो । आधारभूत स्वास्थ्य सेवा ईकाइका तीनवटा भवनहरु यस बर्ष निर्माण सम्पन्न भइ सेवा सुचारु भइसकेको छ । एम्बुलेन्सको अभाव खेपीरहेको गाउँपालिकाले एम्बुलेन्स खरिदको सम्पूर्ण प्रक्रिया पुरा गरि सञ्चालनमा ल्याएपछि राहतको महशुष भएको छ । सामुदायिक तथा धार्मिक विद्यालयका जीर्ण भवनहरु मर्मत सुधार तथा थप नयाँ भवनको निर्माण कार्य केही सम्पन्न भइसकेको छ भने केही क्रमागत रुपमा निर्माणको क्रममा रहेका छन । विद्यार्थी शिक्षक अनुपात मिलाई शिक्षक अभाव पूर्ति गर्न गाउँपालिकाले आफ्नै स्रोतबाट स्वयंसेवक शिक्षकहरु नियुक्त गरि तलव भत्ता उपलव्ध गराउँदै आएको छ ।

विपन्न नागरिक उद्धार, राहत लगायत विभिन्न सामाजिक-सांस्कृतिक क्षेत्रका उल्लेखनीय कामहरु भएका छन् । कोभिड १५ नियन्त्रणमा गाउँपालिकाको सम्पूर्ण श्रोतको अभुतपूर्ण परिचालन भएको छ जुन गर्व गर्न लाएक छ । गाउँपालिका अन्तर्गत सञ्चालित बर्थिङ्ग सेन्टरहरुमा आधारभूत पूर्वाधार सहित सेवा प्रदान गरि आइएको छ भने थप बर्थिङ्ग सेन्टर सञ्चालनको तयारी अवस्थामा रहेका छौं । प्रकोप व्यवसस्थापन कोषबाट आइपरेका विभिन्न विपद्हरुमा राहत वितरणका कामहरु भएका छन् । नदी नियन्त्रणका लागि तटबन्ध निर्माणका कामहरु भएका छन् ।

गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरु गुणस्तरीय रुपमा सम्पन्न गर्न तथा फरफारक र भूक्तानी प्रक्रियालाई सरल र सहज गर्न उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन सूचना तथा जानकारीका लागी डिजिटल बोर्ड जडान काममा सहजताको लागी सम्टवेयर जडान गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त पारिएकोछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्य पूर्ण रुपमा बैंकिङ्ग प्रणालीबाट गरिएकोछ भने घटना दर्ता तथा पञ्जिकरण सम्वन्धि कामलाई डिजिटाइज गर्ने काम सम्पन्न भइसकेको छ । अनलाइन घटना दर्ताको काम गाउँपालिकाको वडा नं ६ बाट यसै आर्थिक बर्ष देखि सुरुवात गरिएको छ भने आगामी आ व देखि सवै वडा कार्यालयहरुबाट घटना दर्ताको काम अनलाइन प्रणालीबाट गरिनेछ । नागरिक वडापत्र व्यवस्थापन गाउँ आवधिक योजना निर्माण लगायत संस्थागत विकास सुशासन र सार्वजनिक सेवा प्रवाहका लागि भएका महत्वपूर्ण कार्यहरु हुन् ।

माथि उल्लेख गरिएको बाहेक चालु आ.व मा कर्मचारीको चरम अभाव महसुस गरियो । कोभिड १५ संक्रमण

कर्मचारी अभाव आन्तरिक श्रोत संकलनमा भएको कमीका कारण लक्ष्य अनुरुप काम हुन नसकेपनि भौतिक पूर्वधार तर्फका अधिकांस योजना सम्पन्न भएका छन् । कतिपय योजनाहरु कार्यान्वयनको चरणमा छन् भने क्रमागत योजनाहरु निर्माणको काम जारी छ । सिंचाई योजना खानेपानी, सडक विस्तार तथा स्तरोन्नती, भवन निर्माणका लक्षित कामहरु केही अधुरा भएपनि अधिकांश सम्पन्न भएका र हुने क्रममा छन् ।

आगामी आ व २०७८/०७९ को नीति कार्यक्रम तथा वजेट

सभाध्यक्ष महोदयः अव म वजेटको दीर्घकालीन सोंच, लक्ष्य, उद्धेश्य, प्राथमिकताका क्षेत्र तथा अपेक्षित उपलव्धी प्रस्तुत गर्न चाहान्छुः

दीर्घकालीन सोचः कृषि, शिक्षा, स्वास्थ्य, पूर्ण रोजगार र पूर्वाधार विकासको मध्यमबाट सामाजिक सद्भावयूक्त सुसम्पन्न गतिशिल र समुन्नत गाउँपालिकाको आधार निर्माण गर्नु यसको दीर्घकालीन साँच रहेको छ

लक्ष्यः आधुनिक कृषि प्रणालीको विकास र व्यवसायीकरण, गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूती आधारभूत स्वास्थ्य सेवामाथी आम जनताको पहूँच सुनिश्चित गर्दै भौतिक पूर्वधारयुक्त, रोजगारमुलक आत्मनिर्भरतातर्फ उन्मुख, सामाजिक सद्भाव सहितको समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्ने लक्ष्य रहेको छ ।

वजेटका उद्धेश्यः-

१. कोभिड १९ को महामारी लगायत यस्तै प्रकृतिका अन्य प्राकृतिक प्रकोपहरुबाट विजयनगरबासीको जीवनरक्षा गर्न प्रकोप व्यवस्थापन तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास,जनशक्ति र क्षमता विस्तार गर्ने ।
२. यक्तिको रोग प्रतिरोधी क्षमताको विकास प्रकोपबाट हुने क्षतिको न्यूनिकरण राहत तथा पूर्नस्थापनामा विशेष जोड दिँदै आधारभूत स्वास्थ्य सेवाको सरल र सहज पहूँच बृद्धि गर्ने ।
३ कृषि,पशुपालन तथा व्यवसायिक र सीपमूलक तालिमका माध्यमबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै रोजगारीका अवसरहरु सिर्जना गरि सवल र आत्मनिर्भर गाउँपालिकाको विकास गर्ने ।
४. लक्षित बर्ग महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, अति गरिव तथा विपन्न र यूवा लक्षित जीवनोपयोगी सीपमूलक तथा आय आर्जनमा टेवा पूर्याउने कार्यक्रम मार्फत आत्मनिर्भर र गतिशील बनाउन सहयोग गर्ने
५. भौतिक पूर्वाधार विकास सँगै कोभिड-१९ बाट सिथिल सामाजिक विकासका सूचकहरुमा उल्लेख्य सुधार गरि समृद्ध गाउँपालिका निर्माण गर्ने
६. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री सरल,सवल र पारदर्शी बनाई सुशासन प्रत्याभूत गर्ने।

बजेटका प्राथमिकताहरूः

१. कोभिड १९ संक्रमणबाट जनताको जीवन रक्षा
२. सामाजिक क्षेत्रको विकास र विस्तार
३. दीगो पूर्वाधार विकासमा जोड
४. सार्वजनिक खर्चमा मितव्ययीता तथा नतीजामुखी प्रशासन
५. व्यवसायीक सीप विकास र रोजगारी सिर्जना
६. वातावरणीय संरक्षण तथा सम्वर्धन
७. धार्मिक संस्कृतिको विकास संरक्षण तथा प्रवर्धन

८. पर्यटन प्रवर्धन

अपेक्षित उपलब्धी:

आ.व. २०७८/०७९ को बजेट कार्यान्वयनबाट निम्नानुसार उपलब्धी हासिल हुने अपेक्षागरिएको छ ।

१. विश्वभर फैलिएको कोभिड १९ संक्रमण नियन्त्रण भइ जनजीवन सामान्य भएको हुनेछ ।
२. कृषि पर्यटन उद्योग सहकारी तथा वित्तीय क्षेत्रको विकासबाट समग्र आर्थिक सूचकांकमा सुधार आउनेछ ।
३. आम जनताले निर्वाध रुपमा आधारभूत शिक्षा र स्वास्थ्य माथिको आफ्नो पहुँच कायम गरेका हुनेछन् ।
४. "स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी को नीतिबाट प्रत्येक व्यक्तिले स्वच्छ खानेपानीको उपभोग गरेका हुनेछन् ।
५. संस्कृतिको संरक्षण र प्रवर्धन धार्मिक, सामाजिक, लैगिक समावेसीकरण र सशक्तिकरण सँगै प्रेत्यक व्यक्तिले आत्मसम्मान महशुस गरेका हुनेछन् ।
६. स्थानीय सड्क सामुदायिक भवन पुल-पुलेसा, उर्जा, सञ्चार क्षेत्रको भौतिक पूर्वाधार निर्माणको निर्वाध उपभोग भएको हुनेछ ।
७ विपदको समयमा आम जनताले स्थानीय सरकार भएको प्रत्यक्ष अनूभुत गर्नेछन् । दमकल र एम्बुलेन्स सेवाको सहज उपलब्धता भएको हुनेछ ।
८ सेवा प्रवाहमा पारदर्शिता र प्रविधिमा दक्षता सगै सुशासन प्रवर्द्धन भएको हुनेछ ।

अव म आ व २०७८/०७९ को मुख्य मुख्य बार्षिक योजना तथा कार्यक्रमहरुको छोटकरी विवरण पेश गर्न चाहान्छु:

आर्थिक विकास:

१. चालु आर्थिक बर्ष देखि नै कार्यान्वयनमा आएको भैसी विकास स्रोत केन्द्र विजयनगर गाउँपालिकाको आर्थिक विकासमा कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । प्रदेश सरकार विजयनगर गाउँपालिका र कृषकहरुको साझेदारीमा स्थापना हुन लागेको भैंसी विकास स्रोत केन्द्रबाट विजयनगर गाउँपालिका भैंसी स्रोतको हव बन्ने दुध तथा दुधजन्य पदार्थ उत्पादन र बिक्रि वितरणबाट कृषकहरुको जीवनस्तरमा सुधार आउने तथा समग्र गाउँपालिकाको आर्थिक विकासमा प्रत्यक्ष टेवा पुग्ने विश्वास लिइएको छ। यसका लागि आ.व. २०७८/०७९ को साझेदारी बापतको रु ३० लाख रकम विनियोजन गरिएको छ ।

२. सञ्चालनमा रहेका कृषि तथा पशु विकास पकेट कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ भने थप पकेटहरु स्थापना गरिनेछ । तरकारी फलफूल ढैंचा च्याउको कीट वितरण कृषि उपकरणहरुमा अनुदान उपलव्ध गराइनेछ । विषादी तथा मल बितरण कृषि तर्फ खाध्यान्न फलफूल तरकारी तथा पशुविकास तर्फ भैंसी बाख्रा बङ्गुर कुखुरा आदिको पकेट क्षेत्र विकास र विस्तार गरिने छ । प्रत्येक वडामा १/१ वटा तरकारी नर्सरी स्थापना गरिनेछ । न्यूनतम् ५ कठ्ठा जमीनमा तरकारी खेति गर्ने गाउँपालिकाका ७ जना कृषकहरुलाई ७५ प्रतिशत अनुदानमा कृषि सामग्री तथा उपकरणहरु वितरण गरिनेछ । यसबाट कृषिको व्यवसायिकरण हुने कृषकहरु आत्मनिर्भर हुने र समग्र आय आर्जनको क्षेत्रमा बढोत्तरी भइ आर्थिक विकासमा सयोग पुग्नेछ । यसका लागि कृषि तथा पशु विकासका क्षेत्रमा रु ७० लाख ५० हजार वजेट विनियोजन गरिएको छ ।

३. गाउँपालिका भित्र रहेका ताल तलैयाहरुको संरक्षण तथा संबर्धन गरिनेछ । होमस्टे सञ्चालन कृषि हाट बजार सञ्चालन नमुना वस्ती तथा पिकनिक स्थल निर्माण लगाएतका कार्यहरुबाट पर्यटन क्षेत्रको विकास हुने अपेक्षा

गरिएको छ । सहकारी क्षेत्र, उद्योग वाणिज्य तथा वित्तिय क्षेत्रको विकास र प्रवर्धनको माध्यमबाट आर्थिक विकासमा प्रत्यक्ष टेवा पुग्ने अपेक्षा राखि यसका लागि आबश्यक वजेट विनियोजन गरिएको छ ।

४. गाउँपालिका भित्र उद्योगग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन भई विस्तृत परियोजना सर्वेक्षणको प्रक्रिया सुरु भएकोछ । यसबाट उद्योग विकासको क्षेत्रमा गाउँपालिकाले उल्लेखनीय फड्को मार्ने अपेक्षा गरिएको छ ।

५. गाउँपालिकाका विभिन्न स्थानमा साना सिंचाई कार्यक्रम अन्तर्गत वोरिङ्ग जडान गर्न प्रयाप्त वजेट विनियोजन गरिएको छ । आय आर्जनमा टेवा दिने किसिमका विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ यसका लागि रु १० लाख रकम विनियोजन गरिएकोछ ।

६. कृषि विकास रणनीति यूवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम लघुउद्यम विकास कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम लगायत संघीय तथा प्रदेश अनुदान र गाउँपालिका स्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम समेत कूल रु ३ करोड ६४ लाख ३० हजार रकम आर्थिक विकासका क्षेत्रमा विनियोजन गरिएको छ यसबाट विजयनगर गाउँपालिकाको आर्थिक विकासमा उल्लेखनीय टेवा पुग्ने अपेक्षा गरिएको छ ।

सामाजिक विकासः

७. सामाजिक विकास तर्फ शिक्षाको गुणस्तर प्रर्वधन आधारभुत स्वास्थ्य सेवा माथी सहज पहूँज स्थापना गर्ने विभिन्न धर्म सांस्कृतिको संरक्षण र प्रर्वधन गर्न प्रयाप्त वजेटको व्यवस्था गरिएकोछ । यसबाट सामाजिक क्षेत्रको विकासमा उल्लेखनीय सुधार आई सन्तुलित र सुमुन्नत समाजको निर्माण हुने विश्वास लिएको छु ।

८. सबै घरमा पक्की शौचालय निर्माण गर्ने गाउँपालिको लक्ष्य अनुरुप नेपाल सरकारको बिशेष अनुदानबाट यस आ व मा विजयनगर गाउँपालिकाका प्राथमिकता प्राप्त गरीव विपन्न र आर्थिक अवस्था कमजोर भएका घरपरिवार छनौट गरि करीव ५०० भन्दा बढी घर परिवारमा पक्की शौचालय निर्माण गरिने छ यसका लागि नेपाल सरकार विशेष अनुदान मार्फत रु २ करोड ८ लाख रकम विनियोजन गरिएको छ । यस कार्यबाट सामाजिक व्यवहार स्वास्थ्य सरसफाइ तथा पोषण सुधारको काममा महत्वपूर्ण उपलब्धि हासिल हुनेछ ।

९. नेपाल सरकारको सुरक्षित नागरिक आवास विकास कार्यक्रम अन्तर्गत विजयनगर गाउँपालिकाका २८३ घर परिवारलाई सुरक्षित आवास निर्माण गरि हस्तान्तरण गरिने छ यसका लागि रु ५३ लाख रकम विनियोजन गरिएको छ । यसै कार्यक्रमलाई निरन्तरता दिँदै थप टेवा पुराउन विजयनगर गाउँपालिकाबाट खरका छाना मुक्त अभियान अन्तर्गत आवास निर्माणका लागि रु ३० लाख रकम विनियोजन गरिएको छ । सुरक्षित नागरिक आवास तथा खरका छाना बिस्थापित कार्यक्रम सञ्चालन मार्फत यसै बर्ष विजयनगर गाउँपालिकाका करीव २०० विपन्न घर परिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

१०. समाजमा रहेको छोरी प्रतिको नकारात्मक मनोबृद्धिलाई निश्तेज पारी लैङ्गिक समानता कायम गर्न तथा घरायसी बिविध कारणबाट शिक्षाको उज्यालो घामबाट बञ्चित हुन पुगेका तथा कक्षा छाड्नेहरुको हालको अवस्थालाई मध्यनजर गरि आगामी दिनहरुमा त्यसो हुन नदिन र छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्नका लागि आगामी श्रावण १ गते देखि लागू हुने गरि छोरी बचाउँ छोरी पढाउँ अभियान सञ्चालन गर्न रु १२ लाख वजेट विनियोजन गरिएको छ । आवश्यक कार्यविधि तयार गरि यसलाई कार्यान्वयनमा लगिनेछ । विपन्न असहाय तथा अनाथ बालबालिकाहरुको शैक्षिक सहायताको लागि आवश्यक रकम विनियोजन गरिएको छ । यसबाट छोरा र छोरी बीचको भेदभावको अन्त्य हुने जिरो होम डेलिभरीको अभियानलाई टेवा पुग्ने विद्यालय भर्नादर बढ्ने तथा पढाई छोड्ने दरमा कमी आउने विश्वास गरिएकोछ ।

११. स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी अभियान सञ्चालन गरिनेछ । यसै आर्थिक बर्षमा स्वस्थ खानेपानीका

लागि ५० प्रतिशत अनुदानमा बायोस्याण्ड फिल्टर जडान गर्नका लागि रु १० लाख रकम विनियोजन गरिएको छ भने खानेपानी धारा जडानका लागि रु १० लाख विनियोजन गरिएको छ यस कार्यबाट यसै बर्ष विजयनगर गाउँपालिकाका करीव ५०० घर परिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

१२. गाउँपालिका अन्तर्गत जीर्ण अवस्थामा रहेका सामुदायिक विद्यालय तथा मदरसाहरुको मर्मत तथा थप निर्माणका लागि आवश्यक रकम विनियोजन गरिएको छ । यसबाट शैक्षिक क्षेत्रमा थप सुधार आउने अपेक्षा गरिएको छ ।

पूर्वाधार विकासः

१३. नेपाल सरकारको हरेक स्थानीय तहहरुमा ५ १० र १५ शैयाको विशेषज्ञ डक्टर सहितको सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने नीति अनुरुप विजयनगर गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणका लागि चालु आ.व. मा विस्तृत परियोजना सर्वेक्षण डि पि आर को काम सम्पन्न भइसकेको छ भने आगामी आ व देखि सो अस्पत्तालको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१४. नेपाल सरकारको समपूरक अनुदान र गाउँपालिकाको साझेदारीमा त्रिपालनगर जबाबैराठ सडक स्तरोन्नती तथा कालोपत्रे गरिने छ यसका लागि रु २ करोड ७८ लाख विनियोजन गरिएको छ ।

१५. प्रदेश सरकारको समपूरक अनुदान र विजयनगर गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको विकासका लागि कोषे ढुङ्गा मानिएका महत्त्वपूर्ण सडकहरु महदैया मैनारी सडक गणेशपुर ढोडरी खुरुहुरिया प्रेमनगर सडक र महादेव डालपुर नयाँबस्ति नौरङ्गिया जववैराठ सडक कालोपत्रे तथा स्तरोन्नती गरिने छ यसका लागि रु ३ करोड रकम विनियोजन गरिएको छ ।

१६. राजकुलो पुनर्स्थापित गरि सिंचाईयोग्य बनाउन प्रदेश सशर्त बजेट मार्फत रु ४० लाख रकम विनियोजन भएको छ । साना सिंचाई विस्तार कार्यका लागि गाउँपालिकाबाट थप ४० लाख रकम विनियोजन गरिएको छ यस कार्यबाट सिंचाईमा केहि सुधार आइ कृषि क्षेत्रमा थप टेवा पुग्ने छ ।

१७. गाउँपालिका चक्रपथ निर्माणको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु । चक्रपथ निर्माणको ट्रयाक जोड्ने काम आ व २०७८।०७९ मा सम्पन्न हुनेछ भने आगामी बर्षहरुमा क्रमश स्तरोन्ती तथा कालोपत्रे गर्दै लगिनेछ ।

१८. स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यतालाई आत्मसात गर्दै यूवालक्षित खेलकूद कार्यक्रम विभिन्न क्लवस्तरीय खेलकूद विद्यालय स्तरीय खेलकुद अन्तरस्थानीय तहका खेलकुदहरु आयोजना गर्न आवश्य बजेट विनियोजन गरिएको छ । गाउँपालिकास्तरीय सुविधा सम्पन्न एउटा खेल मैदान निर्माणको कार्य अघिल्ला बर्षहरु देखि नै हुँदै आएकोमा थप स्तरोन्नती गर्न तथा प्रत्येक वडाहरुमा १/१ खेल मैदान निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

माथी उल्लेख गरिएका महत्वपूर्ण योजना तथा कार्यक्रमको अलवा संघीय सरकार प्रदेस सरकार गाउँपालिका र वडास्तरमा छनौट भएका प्राथमिकता ठूला तथा साना योजनाहरु सहित पूर्वाधार विकास तर्फ कूल ११ करोड ४० लाख ५० हजार बजेट विनियोजन गरिएको छ यसबाट आधारभूत भौतिक पूर्वाधार निर्माण हुन गइ गाउँपालिका बासीको जीवमा थप सहजता आउने विश्वास लिएको छु ।

वातावरण तथा विपद व्यवस्थापनः

१९. गाउँपालिकामा उत्पादन हुने फोहोरको उचित व्यवस्थापनका लागि उपयुक्त ल्याण्डफिल्ड साइडको संभाव्यता अध्यपन गरिने छ । पोखरी, सीमसार क्षेत्रको संरक्षण, प्रर्वधन, व्यवस्थापन गरि वातावरण सन्तुलन राख्न तथा साना सिंचाईका माध्यमबाट कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

२०. गाउँपालिकामा बृक्षरोपण अभियानलाई निरन्तता दिन बजेट विनियोजन गरेको छु । नदी नालाबाट नदीजन्य

पर्दाथ उत्खन्न गरि राजस्व वृद्धि गर्न गरिने कामहरुमा वातावरणीय प्रभाव मूल्याङ्कन गरि प्राकृतिक वातावरणमा असन्तुलन ल्याउने कामहरु बन्द गरि कडाईका साथ नियमन गरिनेछ । जोखिमयुक्त स्थानहरुमा तटबन्धन निर्माण गरिनेछ यि सबै कामका लागि रु २७ लाख विनियोजन गरेको छु ।

२१. कोभिड १९ को नियन्त्रणका लागि साधन स्रोत जनशक्ति व्यवस्थापनमा विशेष जोड दिदै स्थानीय प्रकोप व्यवस्थापन कोष व्यवस्थित परिचालन गरिनेछ । प्राकृतिक प्रकोपहरुबाट जनधनको रक्षा गर्न स्थानीय तहको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गरिनेछ । विपद् व्यवस्थापन कोषको सञ्चालन प्रभावकारी ढङ्गबाट गरिनेछ ।

संस्थागत विकास सेवा प्रवाह र सुशासनः

२२. जनताको सर्वसुलभ न्याय माथीको पहुँच वृद्धि गर्न तथा मेलमिलापका माध्यमबाट सामाजिक सन्तुलन कायम गर्न गाउँपालिका न्यायिक समितिको क्षमता विकास गरिनेछ ।

२३. प्रविधिको उच्चतम उपयोग गरि सेवा प्रवाहलाई छिटो सरल सर्वसुलभ पारदर्शी बनाउन कर्मचारीको क्षमता विकास सगै गाउँपालिकालाई आधुनिक प्रविधि मैत्री बनाइनेछ । कर्मचारीको मनोबल उच्च राख्दै काम प्रति प्रेरित गर्न गाउँपालिकाको आयलाई मध्यनजर गरि प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ । आन्तरिक पर्यटन प्रवर्धन समेत टेवा पुग्ने गरि कर्मचारी तथा जनप्रतिनिधिलाई आलोपालो व्यवस्था मिलाई अध्ययन अवलोकन तथा रिर्फेसमेन्ट भ्रमणको व्यवस्था गरिने छ यसको लागि आवश्य रकम विनियोजन गरिएको छ ।

२४. कर्मचारीहरुका लागि विभिन्न विषयगत सीप तथा क्षमता विकास र पूनर्ताजगी तालिम कार्यक्रमहरु सञ्चालन गरि कामप्रति बढी जिम्मेवार र उत्तरदायी बनाउन रकम विनियोजन गरिएको छ ।

२५. गाउँपालिका कार्यालय सहित सबै वडा कार्यालयहरु र विषयगत शाखाहरुबाट हुने आन्तरिक राजस्व सङ्कलन कार्यलाई व्यवस्थित गर्न तथा राजस्व प्रणाली सुदृढीकरण गर्न का लागि रकम विजियोजन गरिएको छ यसबाट राजस्व सङ्कलनमा सुधार आई आन्तरिक आम्दानीमा बृद्धि हुने अपेक्षा गरिएको छ ।

२६. सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन गरिनेछ । गुनासो व्यवस्थापन नागरिक वडापत्रको प्रयोगलाई सेवाग्राहीमैत्री गरिनेछ ।

२७. कोभिड-१९का कारण रोजगार गुमाएका र विदेशबाट फर्किएका युवा-युवतीहरुलाई लक्षित गरी यूवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । विभिन्न सीपमूलक तालिमहरु सञ्चान गर्न बजेट विनियोजन गरेको छु ।

२८. स्थानीय सञ्चार क्षेत्रको प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस बाट सञ्चार क्षेत्रको विश्वसनीयता कायम राखी सहि र भरपर्दो सूचाना सम्प्रेषण हुने तथा पेशागत मर्यादा कायम रहने विश्वास लिइएको छ ।

२९. कोभिड १९ को दोस्रो लहरबाट जनताको जीवनरक्षाका लागि आफु र आफ्नो परिवारलाई समेत जोखिममा राखि अहोरात्र खटिनुभएका स्वास्थ्यकर्मीहरुको कामको उच्च मूल्याङ्कन गर्दै अग्रपंक्तिमा रही काम गर्ने तथा स्वास्थ्य संस्थामा रही सेवा प्रदान गर्नुभएका स्वास्थ्यकर्मीहरु लाई जोखिमको आधारमा प्राथमिकता निर्धारण गरि प्रोत्साहन स्वरुप रकम प्रदान गर्न रु २ लाख ६० हजार वजेट विनियोजन गरिएकोछ

३०. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी जग्गा व्यवस्थापन गरि संघीय सरकार सँग आवश्यक बजेट रकम माग गरिएको छ । वडाको प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ भएकाले आर्थिक बर्षको अन्त्य सम्म निर्माण सम्पन्न भइ सेवा सुचारु गरिनेछ । नयाँ बन्ने वडा कार्यालय भवनको व्यवस्थानका साथै गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल सहज छिटो छरितो रुपमा गर्न आबश्यक भौतिक सामग्री खरिद तथा सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक कार्यका लागि रकम विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय, अव म आय-व्ययको शिर्षकगत संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु

आय तर्फ	
शीर्षक	आ.व.२०७८/७९ को अनुमान
कूल आय	५६७५३०९००.६३
राजस्व	१५६७७५९००.६३
आन्तरिकश्रोत	३४९६२०००.००
११३१३एकीकृत सम्पती कर	२६०००००.००
११३१४भुमिकर/मालपोत	४०००००.००
११३२१घरवहाल कर	१०००००.००
११३२२ वहाल विटौरी कर(ऐलानीजग्गा,ताल पोखरी ठेक्कातथा वक्यौताअसुली समेत)	५०००००.००
११६९१अन्य कर	२०००.००
१४१५१ सरकारी सम्पत्तीके बहालबाट प्राप्त आय	४०००००.००
१४२१३अन्य बिक्रीबाट प्राप्त रकम	५०००.००
१४२२१न्यायिक दस्तूर	३०००.००
१४२२३शिक्षा क्षेत्रको आम्दानी	१५०००.००
१४२२४परीक्षा शुल्क	३०००.००
१४२२९अन्य प्रशासनिक सेवा शुल्क	६४५०००.००
१४२४२नक्सापास दस्तुर	५०००.००
१४२४३सिफारिश दस्तुर	१५००००.००
१४२४४व्यक्तिगत घटना दर्ता दस्तुर	२५०००.००
१४२४५नाता प्रमाणित दस्तुर	५०००.००
१४२४९अन्य दस्तुर	२००००.००
१४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर	२५०००.००
१४२६५अन्य क्षेत्रको आय	२०००.००
१४३१२प्रशासनिक दण्ड जरिवाना र जफत	५०००.००

१४३१३धरौटी सदरस्याहा	५०००००.००
३२१२२बैंक मौज्दात	३२२३७०००.००
राजस्वबाँडफाँडबाट प्राप्त रकम	१२१८१३९००.६३
११३१५घरजग्गा रजिष्टेशन दस्तुर	१४०००००.००
११४११बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर सघीय	४७४१६५००.००
११४२१बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क सघीय	४७४१६५००.००
११४५६बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	८६३०९००.६३
१४१५३बाँडफाँड भई प्राप्त वन रोयल्टी	३३५०००००.००
१४१५७बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय स्थानीय तहबाटप्राप्त बाडफाड भई प्राप्त हुने राजश्व	१५०००००००.००
अन्यआय	१३००००००.००
१४५२९अन्य राजस्व	८००००००.००
१५१११बेरूजू	५००००००.००
अन्तरसरकारी वित्तीय हस्तान्तरण	४००३७९०००.००
संघीयसरकार	३६५०००००००.००
१३३११समानिकरण अनुदान	१२३६००००००.००
१३३१२शसर्त अनुदानचालु	१७४००००००.००
१३३१३शसर्त अनुदानपुँजीगत	३२७००००००.००
१३३१५विषेश अनुदान पुँजीगत	२०८००००००.००
१३३१७समपुरक अनुदान पुँजीगत	१३९००००००.००
प्रदेशसरकार	३५३७९०००.००
१३३११समानिकरण अनुदान	५८३५०००.००
१३३१२शसर्त अनुदानचालु	८५४४०००.००
१३३१४विषेश अनुदान चालु	६०००००००.००
१३३१६समपुरक अनुदान चालु	१५०००००००.००

यसरी गाउँपालिकाको आ व २०७८/०७९ का लागि कूल रकम रु ५६,७५,३०,५००.६३ अनुमान गरिएकोमा संघीय तथा प्रदेश सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत रु ४०,०३,७५००० तथा राजस्व बाँडफाँड बाट अनुमान गरिएको रकम रु १२,१८,१३,५००.६३ र आन्तरिक आम्दानीको अंश रु ३४,५६,२०००० रहेको छ । कूल आयको रु ३२५१६७५२२ अर्थात कूल बजेटको ५८ प्रतिशत रकम चालु खर्च तथा रु २३८३६२५७८ अर्थात कूल बजेटको ४२ प्रतिशत रकम पूँजिगत खर्च तर्फ रहेकोछ । कूल बजेटलाई प्राथमिकता र आवश्यकताको आधारमा विभिन्न विषयगत क्षेत्रहरुमा छुट्याइएको छ ।

बजेट सम्बन्धी विस्तृत विवरण अनुसुचीहरुमा उल्लेख गरिएको छ ।

सभाध्यक्ष महोदय, सीमित श्रोत-साधनका वीच असीमित आवश्यकता पूरा गर्नुपर्ने बाध्यता हामी सँग छ । मैले यथासंभव उपलब्ध श्रोतलाई न्यायोचित ढङ्गबाट बाँडफाँड गर्ने प्रयत्न गरेको छु । आवश्यकहरु मध्ये अति आवश्यक

क्षेत्रमा रकम विनियोजन गरिएको छ । कोभिड-१९ को कारण थला परेको देशको आर्थिक अवस्थालाई मूल्याङ्कन गरि अनुत्पादक क्षेत्रमा हुने खर्चलाई कटौती गरिएको छ । यस वर्ष समेटिन नसकेका कार्यक्रमहरु प्राथमिकताका आधारमा आगामी वर्षहरुमा समट्दै लगिनेछ ।

अन्त्यमा नीति कार्यक्रम तथा बजेट निर्माणका क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि कर्मचारी सरोकारवाला सम्पूर्णलाई धन्यवाद दिन चाहान्छु । हामी सबै बजेटको कार्यान्वयनमा हातेमालो गरि अगाडि बढ्नेछौ । यो बजेट कार्यान्वयनबाट गाउँपालिकाले लिएको समुन्नत र समृद्ध गाउँपालिकाको सपना साकार हुने विश्वास लिएको छु ।

धन्यबाद ।।।

प्रस्तुतकर्ता
लक्ष्मी कुमारी चौधरी
उपाध्यक्ष

विजयनगर गाउँपालिकाको आय व्ययको श्रोतगत, क्षेत्रगत तथा योजना र कार्यक्रमगत विवरण :

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु
कार्यालयको कोड :८०५४५०३३००
Budget appropriation in accordance with program / project

आ.व. : २०७८/७९													
सि.नं	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन						
							प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा			
८०५४५०३३०१ विजयनगर गाउँपालिका													
१	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१,३०,००,००	१,३०,००,०००			
२	पोशाक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२,५०,०००	२,५०,०००			
३	औषधीउपचार खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२३	लुम्बिनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	५,००,०००	५,००,०००			
४	स्थानीय भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	३५,००,०००	३५,००,०००			
५	महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	६,००,०००	६,००,०००			
६	फिल्ड भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	४,००,०००	४,००,०००			
७	कर्मचारीको बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	८,००,०००	८,००,०००			

८	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२,००,०००	२,००,०००			
९	स्वास्थ्यकर्मीहरुको लागी प्रोत्साहन भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	२,६०,०००	२,६०,०००			
१०	अन्य भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	२,००,०००	२,००,०००			
११	अन्य भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	८,००,०००	८,००,०००			
१२	पदाधिकारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२५,००,०००	२५,००,०००			
१३	पदाधिकारीअन्य सुविधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	७०,६०,०००	७०,६०,०००			
१४	पदाधिकारीअन्य सुविधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	१२,४०,०००	१२,४०,०००			
१५	कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१,५०,०००	१,५०,०००			
१६	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००			

१७	चाड पर्व मेला महत्सव तथा संकृतीक संरक्षण	सामाजिक सुरक्षा तथा संरक्षण	२१२१९	आन्तरिक ऋण - नगद ऋण	५	N/A	४,००,०००	४,००,०००	२,००,०००	१०,००,०००	
१८	जनप्रतिनिधी बिमा प्रिमियम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२,००,०००	२,००,०००	
१९	विपन्न नागरिक उद्धार उपचार राहत तथा आर्थिक सहायता कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२१२१९	आन्तरिक ऋण - नगद ऋण	३	N/A	५,००,०००	५,००,०००	५,००,०००	१५,००,०००	
२०	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	
२१	संचार महसुल	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
२२	इन्धन (पदाधिकारी)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	७,००,०००	७,००,०००	
२३	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२५,००,०००	२५,००,०००	
२४	सवारी साधन मर्मत खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२०,००,०००	२०,००,०००	
२५	बिमा तथा नवीकरण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
२६	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक		राजस्व बाँडफाँड -							

२७	मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	४०,००,०००	४०,००,०००	
२८	इन्धन - अन्य प्रयोजन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	५०,०००	५०,०००	
२९	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२८,००,०००	२८,००,०००	
३०	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	३,००,०००	३,००,०००	
३१	अन्य कार्यालय संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
३२	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
३३	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	१,८०,९००.६	१,८०,९००.६३	
३४	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	८,१९,१००	८,१९,१००	
३५	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	

३६	करार सेवा शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१,३०,००,००	१,३०,००,०००		
३७	करार सेवा शुल्क- एक गाउँ एक कृषि पशु प्राविधिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	६,००,०००	६,००,०००		
३८	करार सेवा शुल्क कम्प्युटर अपरेटर र फिल्ड सहायक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,५०,०००	३,५०,०००		
३९	सुकुम्वासी भूमिहिन अन्तर्गतका कर्मचारीको तलब चाडपर्व पोशाक र अन्य भत्ता समेत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१६,५०,०००	१६,५०,०००		
४०	अन्य सेवा शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	८,००,०००	८,००,०००		
४१	कर्मचारी तालिम खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००		
४२	न्यायिक समिति क्षमता विकास तथा व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५११	लुम्बिनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	३५,०००	३५,०००		
४३	न्यायिक समिति क्षमता विकास तथा व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५११	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	४३,०००	४३,०००		
४४	कार्यक्रम खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	१४,००,०००	०	१४,००,०००		

४५	छोरी वचाउ छोरी पढाउ अभियान	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	३	N/A	५,००,०००	५,००,०००	५,००,०००	१५,००,०००	
४६	विपन्न असहाय तथा अनाथ वालबालिकालाई शैक्षिक सहायता	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	२,८०,०००	२,८०,०००	
४७	विभिन्न खेलकूद कार्यक्रममा सहयोग	युवा तथा खेलकुद	२२५२२	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
४८	सुरक्षित खानेपानीका लागी वायोस्याण्ड फिल्टर ५० प्रतिशत अनुदान तथा कार्यक्रम सहयोग	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	५	N/A	२,००,०००	४,००,०००	४,००,०००	१०,००,०००	
४९	सीपमुलक तालिम	मानब संशाधन विकास	२२५२२	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
५०	न्यायिक समिति क्षमता विकास तथा ब्यवस्थापन	कानुन तथा न्याय	२२५२९	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	४,२२,०००	४,२२,०००	
५१	मागमा आधारीत साना पुरवाधार कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	५,००,०००	५,००,०००	१०,००,०००	२०,००,०००	
५२	विविध कार्यक्रम खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२,००,०००	२,००,०००	
५३	अनुगमन, मूल्यांकन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,००,०००	३,००,०००	
५४	जनप्रतिनिधी तथा कर्मचारी अवलोकन भ्रमण	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	५,००,०००	५,००,०००	
५५	भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,५०,०००	५,५०,०००	

५६	भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१७,००,०००	१७,००,०००	
५७	विविध खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	२०,००,०००	२०,००,०००	
५८	सभा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,००,०००	३,००,०००	
५९	घरभाडा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	
६०	सवारी साधन तथा मेशिनर औजार भाडा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	१२,००,०००	१२,००,०००	
६१	राजस्व फिर्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८२११	आन्तरिक श्रोत - नगद	१	N/A	१०,८०,०००	०	०	१०,८०,०००	
६२	अन्य फिर्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२८२१९	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	२,८१,०००	२,८१,०००	
६३	दायित्व भूक्तानी बाँकी	सामाजिक सुरक्षा तथा संरक्षण	२८२१९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
६४	नौरङ्गिया वाल विकास भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११११	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
६५	फरेनी गाउँमा सामुदायीक भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११११	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	८,००,०००	८,००,०००	

६६	वडा कार्यालय भवन निर्माण वडा न ४ आ ब ०७७।७८ को क्रमागत	भवन, आवास तथा सहरी विकास	३१११९	आन्तरिक श्रोत - नगद	२	N/A	०	२,४०,०००	२,४०,०००	४,८०,०००	
६७	वडा कार्यालय भवन निर्माण वडा न 6 आ ब ०७७।७८ को क्रमागत	भवन, आवास तथा सहरी विकास	३१११९	आन्तरिक श्रोत - नगद	२	N/A	१६,४५,०००	०	१६,४५,०००	३२,९०,०००	
६८	वडा कार्यालय भवन निर्माण वडा न ७ आ ब ०७७।७८ को क्रमागत	भवन, आवास तथा सहरी विकास	३१११९	आन्तरिक श्रोत - नगद	२	N/A	०	६,४७,५००	६,४७,५००	१२,९५,०००	
६९	वडा न २ भवन निर्माण ०७७।७८ क्रमागत	भवन, आवास तथा सहरी विकास	३१११९	आन्तरिक श्रोत - नगद	२	N/A	५,००,०००	०	५,००,०००	१०,००,०००	
७०	दतपुर मस्जिदमा शौचालय र गेट निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	३,००,०००	३,००,०००	
७१	दुधाधारी मा.वि. अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
७२	भुवनेश्वरी मा.वि.अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
७३	वनखेत अधुरो सामुदायिक भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
७४	शान्ती दिप प्रा.वि. अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३१११३	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
७५	भूमि सम्बन्धी समस्या समाधान ईकाइ मा आवश्यक उपकरण तथा सामग्री खरिद	भूमि व्यवस्था	३१२२२	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
७६	मेशिनरी तथा औजार	कार्यालय सञ्चालन तथा प्रशासनिक	३१२२२	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	९,१५,०००	९,१५,०००	
७७	मेशिनरी तथा औजार	कार्यालय सञ्चालन तथा प्रशासनिक		राजस्व बाँडफाँड -							

७८	मेशिनरी तथा औजार	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२२	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
७९	मेशिनरी तथा औजार	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	२,००,०००	२,००,०००	
८०	फर्निचर तथा फिक्चर्स	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११२३	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
८१	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११३४	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	
८२	सबै वडा तथा शाखामा राजश्व प्रणाली सुदृढीकरण तथा व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११३४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	१०,००,०००	०	१०,००,०००	
८३	पूँजीगत परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११३५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२	N/A	१०,००,०००	०	१०,००,०००	२०,००,०००	
८४	ईमिलि खर्क भटनी घोला देखी वरगदवा महिलवार सुरई खोला सम्म सडक स्तर उन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
८५	कडिहार दक्षिण टोलमा पिसिसि	यातयात पूर्वाधार	३११५१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	३,००,०००	३,००,०००	
८६	खुरुहरीया पश्चिम हुदै खडैचा सम्म सडक स्तरउन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	६,००,०००	६,००,०००	
८७	गणेशपुर ढोडरी खुरुहरिया प्रेमनगर सडक कालोपत्रे	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	०	२५,००,०००	२५,००,०००	५०,००,०००	
८८	गणेशपुर ढोडरी खुरुहरिया प्रेमनगर सडक कालोपत्रे	यातयात पूर्वाधार	३११५१	लुम्बिनी प्रदेश - नगद अनुदान	४	N/A	०	२५,००,०००	२५,००,०००	५०,००,०००	

८९	गणेशपुर ढोढरी खुरुहुरीया प्रेमनगर सडक स्तरोन्नती ०७७।७८ को क्रमागत	यातयात पूर्वाधार	३११५१	आन्तरिक श्रोत - नगद	४	N/A	४,७५,०००	४,७५,०००	९,५०,०००	१९,००,०००	
९०	गौरीघाट झोलुङगे चिराई खोला तटवन्ध पि.पि.सि. ढलान	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
९१	ज्योतीनगर गोल चोक देखी भु.पु. काफ्लेको घर सम्म सडक स्तर उन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
९२	जि.सि दाईको घर पुर्व वाटोमा कल्भर्ट निर्माण तथा सडक स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
९३	डालपुर गाउँ भित्र सडक स्तर उन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
९४	त्रिपालनगर जबाबैराठ सडक स्तरोन्नती तथा कालोपत्रे	यातयात पूर्वाधार	३११५१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	०	६९,५०,०००	६९,५०,०००	१,३९,००,०००	
९५	त्रिपालनगर पुनको घर देखी उत्तर आर.टि.ओ. सडक स्तर उन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
९६	देउपूरा कलामको घर देखी बरगदवा चोक सम्म सडक स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	५,००,०००	५,००,०००	
९७	दिपेन्द्रनगर चौवा भिम बहादुरको घर देखी चौवा घोला सम्मा सडक पिसिसि ढलान	यातयात पूर्वाधार	३११५१	लुम्विनी प्रदेश - नगद अनुदान	५	N/A	४,००,०००	२,००,०००	४,००,०००	१०,००,०००	
९८	नेवलागंज आधारभूत विद्यालय जाने बाटो स्तरउन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
९९	नेवलागंज पि सि सि ढलान	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१००	नौरङ्गिया गाउँमा पि सि सि ढलान	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	३,२५,०००	३,२५,०००	६,५०,०००	१३,००,०००	
१०१	पथरदेईया गाउँभित्र मस्जिद पछाडिका बाटो पि.सि.सि ढलान	यातयात पूर्वाधार	३११५१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	

१०२	प्रेमनगर गाउँमा सडक स्तरउन्नती तथा नाली निर्माण	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	५,००,०००	५,००,०००	१०,००,०००	२०,००,०००	
१०३	प्रसोहियाडिहवा अधुरो पि सि सि ढलान वडा न ३	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,००,०००	२,००,०००	४,००,०००	८,००,०००	
१०४	मदरसा अहिले सुन्नत गैमिया प्रा.वि. दत्तपुर अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११५१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१०५	मधुनगर आश्रम देखी हुलाकी सडक सम्म स्तरउन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१०६	मधनगरा जवाबैराठ चर्च सम्म सडक स्तर उन्नती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	५,००,०००	५,००,०००	१०,००,०००	२०,००,०००	
१०७	महदैया मैनारी सडक कालोपत्रे	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	०	०	५०,००,०००	५०,००,०००	
१०८	महदैया मैनारी सडक कालोपत्रे	यातयात पूर्वाधार	३११५१	लुम्विनी प्रदेश - नगद अनुदान	४	N/A	२०,००,०००	१०,००,०००	२०,००,०००	५०,००,०००	
१०९	महादेव डालपुर नयाँबस्ति नौरङ्गिया जववैराठ सडक कालोपत्रे तथा स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	०	२५,००,०००	२५,००,०००	५०,००,०००	
११०	महादेव डालपुर नयाँबस्ति नौरङ्गिया जववैराठ सडक कालोपत्रे तथा स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	लुम्विनी प्रदेश - नगद अनुदान	४	N/A	०	२५,००,०००	२५,००,०००	५०,००,०००	
१११	रविसेन ओलिकाे घरतिर जाने बाटो कल्भट निर्माण	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
११२	रिङ रोड विस्तार ताथा निर्माण	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
११३	लोहरौला गाउँ भित्र सडक स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	
११४	लोहरौला नदीको घाटमा आर.सि.सि.ढलान	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
११५	सडक मर्मत संभार	यातयात पूर्वाधार	३११५१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,५०,०००	२,५०,०००	५,००,०००	१०,००,०००	
११६	सिसवा देखी धन्धरा जाने बाटोमा कल्भर्ट निर्माण तथा स्तरोन्ती	यातयात पूर्वाधार	३११५१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	४,००,०००	२,००,०००	२,००,०००	८,००,०००	
११७	हुलाकी सडक देखी खजहनी गाउँ सम्म सडक स्तरन्नोती	यातयात पूर्वाधार	३११५१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	

११८	तिनघरे घोलामा कल्भट निर्माण	जलश्रोत तथा सिंचाई	३११५४	लुम्विनी प्रदेश - नगद अनुदान	५	N/A	४,००,०००	२,००,०००	४,००,०००	१०,००,०००	
११९	मधुनगर पोखरी तटवन्ध निर्माण	जलश्रोत तथा सिंचाई	३११५४	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	५,००,०००	५,००,०००	
१२०	विजय प्रसाद अहिर खेत महादेईया नाला तटवन्ध निर्माण	जलश्रोत तथा सिंचाई	३११५४	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१२१	पोखरी तथा तलाउ संरक्षण तथा मर्मत संभार	जलश्रोत तथा सिंचाई	३११५५	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१२२	साना सिचाई विस्तार कार्यक्रम	जलश्रोत तथा सिंचाई	३११५५	आन्तरिक ऋण - नगद ऋण	४	N/A	१०,००,०००	१०,००,०००	२०,००,०००	४०,००,०००	
१२३	सिचाई योजना निर्माण	जलश्रोत तथा सिंचाई	३११५५	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१२४	खानेपानी धारा सहयोग कार्यक्रम	भवन, आवास तथा सहरी विकास	३११५६	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	५	N/A	४,००,०००	२,००,०००	४,००,०००	१०,००,०००	
१२५	त्रिपालनगर खानेपानी बाेरिङ्ग सिचाई याेजना	जलश्रोत तथा सिंचाई	३११५६	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३	N/A	०	१,४०,०००	१,४०,०००	२,८०,०००	
१२६	त्रिपालनगर खानेपानी बाेरिङ्ग सिचाई याेजना	जलश्रोत तथा सिंचाई	३११५६	आन्तरिक श्रोत - नगद	३	N/A	०	०	५०,०००	५०,०००	
१२७	दुधाधारी विधालयमा ओभरहेड ट्यांकी निर्माण	भवन, आवास तथा सहरी विकास	३११५६	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	४,००,०००	२,००,०००	२,००,०००	८,००,०००	
१२८	नयाँ बस्ती खानेपानी संचालन ०७७।७८ काे क्रमागत	खानेपानी तथा सरसफाई	३११५६	आन्तरिक श्रोत - नगद	२	N/A	२,००,०००	०	२,००,०००	४,००,०००	
१२९	जलैहिया गाउँमा सार्वजनीक जग्गा स्तरउन्नती तथा घेरावार	भवन, आवास तथा सहरी विकास	३११५७	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	३,००,०००	३,००,०००	
१३०	नयाँ गाउँमा अधुरो नाली निर्माण	भवन, आवास तथा सहरी विकास	३११५८	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	१०,००,०००	१०,००,०००	
१३१	अन्य साझेदारी कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	३११५९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	५,००,०००	५,००,०००	१०,००,०००	२०,००,०००	

१३२	अमलहवा दुर्गा मन्दिर निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१३३	ईमिलिखर्क मन्दिर निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१३४	कुकुरभुकुवा अधुरो सामुदायीक भवन निर्मण	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१३५	खरको छाना विस्तापित कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	३११५९	आन्तरिक ऋण - नगद ऋण	५	N/A	१०,००,०००	१०,००,०००	५,००,०००	२५,००,०००	
१३६	खेल मैदान निर्माण तथा स्तर उन्नती	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	३	N/A	५,००,०००	५,००,०००	५,००,०००	१५,००,०००	
१३७	छन्द (काले बाबु) नारायणी आखा अस्पताल सहयोग	भवन, आवास तथा सहरी विकास	३११५९	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	१,००,०००	१,००,०००	
१३८	जर्लैहीया गाठमा मस्जीद निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक श्रोत - नगद	५	N/A	१,००,०००	०	१,००,०००	२,००,०००	
१३९	जर्लैहीया गाठमा मस्जीद निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	५	N/A	२,००,०००	२,००,०००	४,००,०००	८,००,०००	
१४०	जिल्ला समन्वय समिति कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	३११५९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	३०,००,०००	३०,००,०००	६०,००,०००	१,२०,००,०००	
१४१	डालपुर कृषि हाट बजार निर्माण	भवन, आवास तथा सहरी विकास	३११५९	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	५,००,०००	५,००,०००	
१४२	थारु कल्याणकारी भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,००,०००	२,००,०००	४,००,०००	८,००,०००	
१४३	थारु मरैया ६ वटा निर्मण	भवन, आवास तथा सहरी विकास	३११५९	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१२,००,०००	६,००,०००	६,००,०००	२४,००,०००	
१४४	दुधाधारी कृषि सहकारी भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	

१४५	नेपाल स्काउट विजयनगर	भवन, आवास तथा सहरी विकास	३११५९	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	१,००,०००	१,००,०००	
१४६	पत्रकार महासंघ सुचनाकेन्द्र भवन निर्माण बहादुरगंज	भवन, आवास तथा सहरी विकास	३११५९	लुम्विनी प्रदेश - नगद अनुदान	१	N/A	०	०	१,००,०००	१,००,०००	
१४७	पथरदेईया अधुरो शिव मन्दीर निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	५	N/A	४,००,०००	२,००,०००	४,००,०००	१०,००,०००	
१४८	परसोहिया समयमाई धर्मशाला निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	१,००,०००	१,००,०००	
१४९	बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिका भवन निर्माण	यातयात पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	२,००,०००	२,००,०००	
१५०	भैसी स्रोत विकास केन्द्र साझेदारी	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	१३,७५,०००	१३,७५,०००	२७,५०,०००	५५,००,०००	
१५१	महुवादुधार मस्जीद निर्माण	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१५२	महुवावारी गाउँमा सामुदायीक भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	८,००,०००	८,००,०००	
१५३	मागमा आधारीत साना पुरवाधार कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	३११५९	आन्तरिक ऋण - नगद ऋण	४	N/A	५,००,०००	५,००,०००	१०,००,०००	२०,००,०००	
१५४	रेडियो विजयनगर भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१५५	वाल मन्दिर तौलिहवा	सम्पदा पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	२,००,०००	२,००,०००	
१५६	साझा न्युज पत्रिका भवन निर्माण	यातयात पूर्वाधार	३११५९	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	१,००,०००	१,००,०००	
१५७	कटुवा मस्जीद निर्माण	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	५	N/A	४,००,०००	२,००,०००	४,००,०००	१०,००,०००	
१५८	कडिहार अधुरो मस्जीद निर्माण	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	

१५९	कडिहार शिव मन्दिर रंगरोगन मर्मत (शैचालय ईनार मा बाउन्डरी वाल भजन कृतन साउण्ड स्पीकर खरीद निर्माण)	सम्पदा पूर्वाधार	३११६१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	४,००,०००	२,००,०००	२,००,०००	८,००,०००	
१६०	खुरुहुरीया शिव मन्दीर तथा २ वटा ईनार मर्मत संभार	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६१	गडुवाजोत अधुरो धर्मशाला निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	४,००,०००	४,००,०००	
१६२	जुगुनिया अधुरो धर्मशाला निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६३	जनचेतना प्रा.वि. अधुरो वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६४	ज्योतीनगर प्रा.वि. वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	
१६५	डगडई मन्दिर रंग रोगन तथा मर्मत संभार	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६६	दत्तपुर अधुरो शिव मन्दिर निर्माण	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	४,००,०००	४,००,०००	
१६७	पंच जन प्रा.वि. अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६८	प्रकाश यूवा कलव अधुरो भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१६९	प्रा.वि.मयनारी बाउण्डरी निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१७०	फरेनी गाउँ मन्दीर मर्मत सुधार तथा रंग रोगन	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१७१	मदरशा अहिले सुन्नत फैजुल उलुम कडियार अधुरो निर्माण	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	

१७२	मदरसा हनफिया रजविया ३ अधुरो भवन निर्माण पत्थरदेईया	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१७३	महादेईया मदरसा वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	५,००,०००	५,००,०००	
१७४	रामनगरडिहवा कालिमाई थान मर्मत	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	२,००,०००	२,००,०००	
१७५	लौटनराम मा.वी. वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	५,००,०००	५,००,०००	
१७६	वगहिया कवरस्थान तारबार	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	३,००,०००	३,००,०००	
१७७	वेतनी प्रा.वी. विद्यालयमा वाउन्डरीवाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक श्रोत - नगद	१	N/A	०	०	७,००,०००	७,००,०००	
१७८	वरगदवा अधुरो मदरसा मदरशा निर्माण	सम्पदा पूर्वाधार	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	
१७९	शंकरपुर आधारभुत विद्यालय वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	
१८०	श्री हरीवोध आ.वि.अधुराे भवन निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,००,०००	२,००,०००	४,००,०००	८,००,०००	
१८१	सचेतना प्रा.वि. ईमिलिखर्क वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	१	N/A	०	०	७,००,०००	७,००,०००	
१८२	हरी वोध प्रा.वि. वाउन्डरी वाल निर्माण	भवन, आवास तथा सहरी विकास	३११६१	आन्तरिक ऋण - नगद ऋण	४	N/A	२,००,०००	२,००,०००	४,००,०००	८,००,०००	
८०५४९५०३१०२ विजयनगर गाउँपालिका -अयुर्बेद											
१८३	गाउँ घर किल्निक संचालन तथा ब्यवस्थापन	स्वास्थ्य	२२३११	आन्तरिक श्रोत - नगद	५	N/A	१,००,०००	५०,०००	१,००,०००	२,५०,०००	
१८४	अति आवश्यक आयुबेर्द औषधी खरिद	स्वास्थ्य	२७२१३	आन्तरिक श्रोत - नगद	२	N/A	१,२५,०००	०	१,२५,०००	२,५०,०००	

१८५	स्तनपायी आमालाई मातृ शिशु दुग्धाबर्धक जडीबुटी जन्य औषधी वितरण र अभिमुखीकरण	स्वास्थ्य	२७२१३	आन्तरिक श्रोत - नगद	२	N/A	५०,०००	०	५०,०००	१,००,०००	
१८६	गा.पा. स्तरीय पशुपालन समिति बैठक भत्ता परिचालन	पशुपन्छी विकास	२११४१	आन्तरिक श्रोत - नगद	२	N/A	५०,०००	०	५०,०००	१,००,०००	
१८७	सन्देश मुलक सुचना कार्यक्रम	पशुपन्छी विकास	२२३१५	आन्तरिक ऋण - नगद ऋण	२	N/A	०	२५,०००	२५,०००	५०,०००	
१८८	उतकृष्ट कृषक सम्मान कार्यक्रम	पशुपन्छी विकास	२२५२२	लुम्विनी प्रदेश - नगद अनुदान	२	N/A	५०,०००	०	५०,०००	१,००,०००	
१८९	घास विउँ खरिद तथा वितरण	पशुपन्छी विकास	२२५२२	लुम्विनी प्रदेश - नगद अनुदान	२	N/A	०	१,००,०००	१,००,०००	२,००,०००	
१९०	नि शुल्क कृ.ग गर्ने कर्मचारीलाई प्रति पशु रु ४०० प्रदान कार्यक्रम	पशुपन्छी विकास	२२५२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	२,५०,०००	०	२,५०,०००	५,००,०००	
१९१	पशु विमा तालिम तथा अनुदान (५० प्रतिशत)	पशुपन्छी विकास	२२५२२	आन्तरिक ऋण - नगद ऋण	३	N/A	५०,०००	०	१,००,०००	१,५०,०००	
१९२	पशु स्वास्थ्य शिविर	पशुपन्छी विकास	२२५२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	१,००,०००	०	१,००,०००	२,००,०००	
१९३	वङ्गुर पकेट कार्यक्रम निरन्तरता वा.न.1	पशुपन्छी विकास	२२५२२	लुम्विनी प्रदेश - नगद अनुदान	२	N/A	२,५०,०००	०	२,५०,०००	५,००,०००	
१९४	समुह समिति गठन तथा अभिमुखीकरण	पशुपन्छी विकास	२२५२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	०	५०,०००	५०,०००	१,००,०००	
१९५	आपतकालीन उपचार सेवा	पशुपन्छी विकास	२७२१३	आन्तरिक ऋण - नगद ऋण	२	N/A	०	०	२,००,०००	२,००,०००	
१९६	औषधि तथा खोप खरीद	पशुपन्छी विकास	२७२१३	आन्तरिक ऋण - नगद ऋण	२	N/A	४,००,०००	०	४,००,०००	८,००,०००	
१९७	मिनरल वलक मेसिन खरीद तथा वितरण	पशुपन्छी विकास	३११२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	१,२५,०००	०	१,२५,०००	२,५०,०००	
८०५४९५०३१०४ विजयनगर गाउँपालिका - महिला तथा बाल बालबालिका											
१९८	विभिन्न संजाल बैठक	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२११३९	आन्तरिक श्रोत - नगद	२	N/A	०	०	२,००,०००	२,००,०००	

१९९	आमा समुहहरुलाई त्रिपाल वितरण	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	०	१,००,०००	१,००,०००	
२००	एकल महिला आय आर्जन कार्यक्रम (लोकल कुखुरा वितरण)	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	५	N/A	१,००,०००	२,००,०००	२,००,०००	५,००,०००	
२०१	किशोर किशोरीहरुलाई लागु पदार्थ दुरव्यसिनी विरुद्ध अभियान	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	५०,०००	०	५०,०००	१,००,०००	
२०२	जनजाति विपन्न महिला आय आर्जन सामाग्री सहयोग कार्यक्रम (व्यवसाय संचालन गरेका लाई)	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	३	N/A	१,५०,०००	१,५०,०००	१,५०,०००	४,५०,०००	
२०३	तेस्रो लीङ्गी आय आर्जन मुखी कार्यक्रम (खोजी तथा पहिचान)	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	१	N/A	५०,०००	०	०	५०,०००	
२०४	थारु कल्याणकारी सभा संरक्षण सह	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	२	N/A	०	५०,०००	५०,०००	१,००,०००	
२०५	दलित विपन्न महिला आय आर्जन सामाग्री सहयोग कार्यक्रम (व्यवसाय संचालन गरेकालाई)	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३	N/A	१,५०,०००	१,५०,०००	१,५०,०००	४,५०,०००	
२०६	फरक क्षमता भएका लागिआय आर्जन सामाग्री सहयोग कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	आन्तरिक ऋण - नगद ऋण	३	N/A	१,००,०००	२,००,०००	०	३,००,०००	
